# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४९ | काठमाडौं | बुधबार, २८ जेठ २०८२ | Prabhab National Daily | Wednesday, June 11 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## निजी क्षेत्रलाई खुसी बनाउन केन्द्रित बजेटमा उपभोक्तालाई 'बेवास्ता'



अहिले बैंकिङ क्षेत्रबाट उपभोक्ता ठगिएका छन् । एकचोटि बैंकले स्टेटमेन्ट दिन्छ । दोस्रोपटक लिँदा एक हजार रूपैयाँ लिने रहेछ । यसरी उपभोक्ता ठगिरहेका छन् ।

■ **अप्सरा कोइराला**
उपभोक्ता अभियन्ता



बजेट भनेको माग र सप्लाइको शृंखला हो । बजार अनुगमन पटक्कै छैन । डिजिटलाइज कस्टोमर ठगी सुरु भएको छ । यसको अनुगमन गर्ने संयन्त्र बनेकै छैन ।

■ **चिरञ्जीवी नेपाल**
पूर्वगभर्नर



निजी विद्यालयमा ८० देखि ९० हजार रूपैयाँ मासिक शुल्क लिएको देखिन्छ । कसैको अनुमति नदिइकन । के अब हामी कानुनी शासनबाट बाहिर जाँदै हौं त ?

■ **कुमारप्रसाद दाहाल**
महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले कर र निजी क्षेत्रलाई च्याप्दा बजेट उपभोक्तामैत्री बन्न नसकेको अभियन्ताहरूले गुनासो गरेका छन् । मंगलबार राजधानीमा सत्ता साझेदार दल नेपाली कांग्रेसको आपूर्ति तथा उपभोक्ता विभागले आयोजना गरेको कार्यक्रमका वक्ताहरूले बजेटले उपभोक्ताको हक अधिकारलाई पूरै बेवास्ता गरेको बताएका हुन् ।

हरेक क्षेत्रमा उपभोक्ता ठगिँदा सरकारले कुनै नियमन नगरेको उपभोक्ता अधिकार अभियन्ता अप्सरा कोइरालाले बताइन् । 'आलीदेखि थालीसम्म सबै उपभोक्ता हुन् । हामी धेरै ठाउँमा ठगिएका छौं । खाद्यन्नदेखि फलफूलसम्म ठगिएका छन्,' कोइरालाले भनिन् । अहिले बैंकिङ क्षेत्र र विद्यालय क्षेत्रमा उपभोक्ता दैनिक ठगिन थालेको उनले बताइन् । 'अहिले बैंकिङ क्षेत्रबाट उपभोक्ता ठगिएका




छन् । एकचोटि बैंकले स्टेटमेन्ट दिन्छ । दोस्रोपटक लिँदा एक हजार रूपैयाँ लिने रहेछ । कसको नियम ? भन्दा राष्ट्र बैंकको भन्छ । मुद्दा हाल्छु राष्ट्र बैंकलाई भन्दा केन्द्रको भन्छ । त्यसपछि लिँदैन,' कोइरालाले भनिन्, 'विद्यालयमा धेरै ठगीमा परेका छन् अभिभावक । खै आवाज उठाएको ? किताबको नाममा, ड्रेसको नाममा पैसा उठाएको छ ।'

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर चिरञ्जीवी नेपालले विकसित देशमा बलियो उपभोक्ता समिति हुने भन्दै नेपालमा बजेट अनुगमनको प्रणाली नै नभएको बताए । नेपालले अहिले डिजिटल प्रणालीबाट उपभोक्ता ठगिन थाल्दा पनि यसको कुनै अनुगमन गर्ने संयन्त्र नबनाएको उनले बताए । 'सप्लाइ चेन म्यनेजमेन्टलाई वास्तै छैन यहाँ । समयमा बजारमा सप्लाइ गर्न नसकेपछि हाम्रो मार्केट भियातनामले लियो । उपभोक्ता पनि सचेत छैन,' नेपालले भने, 'बजेट भनेको माग र सप्लाइको शृंखला हो । बजार अनुगमन पटक्कै छैन । डिजिटलाइज कस्टोमर ठगी सुरु भएको छ ।'

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक कुमारप्रसाद दाहालले उद्योगी र व्यवसायीले उपभोक्ता खुलेआम ठग्दा पनि सरकार खुसी भइरहेको आरोप लगाए । सरकारमा बसेर कसैले नाफा कमाए त्यसलाई भ्रष्टाचार भनिने तर निजी क्षेत्रले यसलाई नाफा भन्दै उपभोक्ता ठगिरहेको दाहालको भनाइ थियो ।


⏭ क्रमशः पृष्ठ २ मा


# आमाको नामबाट नागरिकता पाउने विधेयक संसदीय समितिबाट पारित

जन्मदातामध्ये बुबाको नामबाट मात्रै नागरिकता बन्छ अहिलेसम्म । अब त्यस्तो हुँदैन । हामीले आमाको नामबाट पनि नागरिकता जारी गर्न मिल्ने प्रावधानसहितको विधेयक समितिबाट पारित गर्‍यौं, यो नेपाली आमाहरूका लागि खुसीको कुरा हो ।

■ **रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था तथा सुशासन समिति




संविधानले आमाको नामबाट पनि नागरिकता दिनू भन्छ तर आमाको नामबाट नागरिकता दिन आवश्यक कानुनमा संशोधन गरिएको थिएन । मंगलबार संशोधन विधेयक राज्य व्यवस्था समितिबाट पारित भयो । यो युगान्तकारी छ ।

■ **सविन श्रेष्ठ**
अधिवक्ता

■ **जेबी योञ्जन**

**काठमाडौं–** आमा रश्मी भट्टराईको नामबाट छोरीहरू नेहा र निष्ठा थापाको नागरिकता बनेन । दुवै नागरिकताविहीन छन् । उमेरको आधारमा भने दुवै नागरिकता प्राप्त गर्न योग्य भइसके ।

नागरिकता प्राप्तिकै संघर्षमा उच्च अदालत पाटनसम्म पुगिन् । अदालतले यसअघि नै जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई आदेश दिँदै नेहा र निष्ठालाई आमाको नामबाट नागरिकता दिनू भनिसक्यो । तर, जिल्ला प्रशासन कार्यालयले आमाको नामबाट मात्रै नागरिकता दिन मिल्दैन भनेर फर्काउने गरेको नेहाको गुनासो छ ।

आमाको नामबाट नागरिकता प्राप्तिमा कठिनाइ भएको नेहा र निष्ठालाई मात्रै होइन, एकल महिलाबाट जन्मिएका हजारौं सन्तानलाई छ । यसैलाई दृष्टिगत गर्दै सरकारले नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक गत वर्षको २३ माघमा संसद्मा प्रस्तुत गर्‍यो । विधेयकमा आमाको नामबाट पनि नागरिकता लिन सकिने व्यवस्था गरिएको छ, जुन विधेयक मंगलबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको छ ।

समिति सभापति रामहरि खतिवडाका अनुसार अब नागरिकता बाबु वा आमामध्ये जसको नाममा चाहिन्छ, त्यसैको आधारमा लिन सकिने छ । 'जन्मदातामध्ये बुबाको नामबाट मात्रै नागरिकता बन्छ अहिलेसम्म । अब त्यस्तो हुँदैन । हामीले आमाको नामबाट पनि नागरिकता जारी गर्न मिल्ने प्रावधानसहितको विधेयक समितिबाट पारित गर्‍यौं, यो नेपाली आमाहरूका लागि खुसीको कुरा हो । अब फुल हाउस लगेर पारित गर्नतिर लाग्छौं,' उनले प्रभावसँग भने ।

यसअघि बाबु र आमा दुवैको नागरिकता आवश्यक पर्ने व्यवस्था थियो । अब त्यस्तो नहुने भएको छ । तर, आमाको नामबाट नागरिकता लिन भने स्वघोषणा अनिवार्य गरिएको छ । स्वघोषणा गलत प्रमाणित भएमा एक वर्षसम्म कैद र जरिवानाको व्यवस्था पनि विधेयकमा गरिएको छ ।

> ⏭ आमाको नामबाट नागरिकता पाउने व्यवस्था भएको विधेयक संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित
>
> ⏭ एकल महिला, पति सम्पर्कविहीन भएका महिला, वैदेशिक रोजगारीमा जाँदा विदेशी पुरुषसँगको सम्बन्धबाट जन्मिएका सन्तानलाई नागरिकता पाउन सहज व्यवस्था

आमाको नामबाट नागरिकता प्राप्त गर्ने कानुनी व्यवस्था नहुँदा धेरै व्यक्ति नागरिकताविहीन बनेको अवस्थालाई ध्यानमा राख्दै सरकारले विधेयक ल्याएको थियो । विधेयक संसद्को दुवै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि विशेषगरी एकल आमाका सन्तानलाई नागरिकता प्राप्तिमा सहज हुने छ ।

नेपाली आमाबाट विदेशमा जन्मिएर नेपालमा बसोबास गरेकालाई नागरिकता प्रदान गर्ने व्यवस्था पनि समितिबाट पारित विधेयकमा छ । वैदेशिक रोजगारीमा गएका कतिपय नेपाली महिलाले बाध्यतात्मक परिवेशमा विदेशी नागरिकसँगको सम्पर्कबाट बच्चा जन्माएका छन् । त्यस्ता बच्चाले बाबुको परिचय नखुलेकै कारण नेपालमा नागरिकता पाउन सकिरहेका छैनन् । कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहे त्यो पनि पाउने व्यवस्था विधेयकमा गरिएको छ ।

बाबुको पहिचान खुले पनि लामो समयदेखि सम्पर्कविहीन रहेको वा बाबुको जिम्मेवारी पूरा नगरेको व्यक्तिको नाम सन्तानले नागरिकतामा लेखाउन नचाहे त्यो अधिकार दिने व्यवस्था विधेयकमा गरिएको छ ।


⏭ क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

### जेनेभामा श्रममन्त्री भण्डारी र साउदीका उपमन्त्रीबीच भेटवार्ता

## घरेलुबाहेकका नेपाली श्रमिक लैजाने सम्झौताका लागि साउदी तयार



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र साउदी अरबको अन्तर्राष्ट्रिय मामिला उपमन्त्री तारिक अल हमदबीच नेपाली श्रमिक लैजाने विषयमा सहमति भएको छ ।

स्वीट्जरल्याण्डको जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम सम्मेलनका क्रममा भएको साइडलाइन द्विपक्षीय भेटवार्ता र छलफलका क्रममा उक्त सहमति भएको हो । श्रममन्त्री भण्डारीको सचिवालयले घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर तत्काल सामान्य र सीपयुक्त श्रमिकको सीप प्रमाणीकरणसम्बन्धी दुईवटा सम्झौता गर्न साउदी अरब तयार भएको जानकारी दिएको छ । नेपालले साउदीसँगको सामान्य श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा सहमति जनाइसकेको छ ।


> घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर सामान्य र सीपयुक्त श्रमिकको सीप प्रमाणीकरणसम्बन्धी दुईवटा सम्झौता गर्ने विषयमा दुई देशबीच सहमति

'साउदीसँग सामान्य श्रमिक लैजाने श्रम सम्झौतामा यसअघि नै सहमति भइसकेको छ । यसमा हस्ताक्षर हुनमात्रै बाँकी छ,' श्रममन्त्री भण्डारीलाई उद्धृत गर्दै उनको सचिवालयले भन्यो, 'साउदीले घरेलु श्रमिकसम्बन्धी सम्झौता भएपछि मात्रै सामान्य सम्झौतामा हस्ताक्षर हुनसक्ने अडान लिएको थियो । अहिलेको बैठकले सहमति भइसकेको सम्झौता अगाडि बढाउने र घरेलु श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा थप गृहकार्य गर्ने टुंगो लगाएको छ ।'

श्रममन्त्री भण्डारीले दुई देशबीच श्रम सम्झौता भइसकेपछि मात्रै घरेलु श्रमिकको सम्झौता गर्नुपर्ने नेपालको संसदीय समितिको निर्देशन रहेको जानकारी साउदी पक्षलाई गराउँदै यसका लागि पाइलट परियोजना आवश्यक पर्ने जानकारीसमेत दिएको सचिवालयले उल्लेख गरेको छ ।


⏭ क्रमशः पृष्ठ २ मा


## वैशाखमा भित्रियो हालसम्मकै धेरै रेमिट्यान्स




चालु आवको १० महिनामा भित्रिएको रेमिटचान्स । *स्रोत: नेपाल राष्ट्र बैंक*

■ **ममता थापा**

काठमाडौं- मुलुकमा भित्रिएको रेमिटचान्सले गत वैशाख महिनामा नयाँ 'रेकर्ड' बनाएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार उक्त महिनामा एक खर्ब ६५ अर्ब ३० करोड रूपैयाँ रेमिटचान्स भित्रिएको हो । यो एकै महिनामा भित्रिएको हालसम्मकै ठूलो रकम हो ।

यससँगै चालु आर्थिक वर्ष २०८१/८२ को १० महिना (साउनदेखि वैशाख)मा भित्रिएको रेमिटचान्स १३ खर्ब ५६ अर्ब ३१ करोड रूपैयाँ पुगेको छ । यस अवधिसम्म मुलुकमा भित्रिने रेमिटचान्स १३.२ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा विप्रेषण आप्रवाह (रेमिटचान्स) १९.२ प्रतिशतले बढेको थियो । उक्त आवको १० महिनामा ११ खर्ब ९८ अर्ब ६० करोड रूपैयाँ भित्रिएको थियो ।

यसैगरी वैशाख महिनामा एक खर्ब १५ अर्ब ९८ करोड रूपैयाँ भित्रिएको तथ्यांक छ ।

> ⏭ एकै महिनामै एक खर्ब ६५ अर्ब ३० करोड रूपैयाँ भित्रिँदा बन्यो रेकर्ड
>
> ⏭ चालु आवको १० महिनामा १३ खर्ब ५६ अर्ब पुग्यो रेमिट्यान्स
>
> ⏭ वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दा रेमिट्यान्स पनि बढेको तथ्यांक


⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

## आमाको...

कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख भएको तर निजको बाबु हाल सम्पर्कमा नरहेको अवस्थामा पनि आमाको नाममा नागरिकता जारी गर्न सकिने प्रावधान विधेयकमा रहेको सभापति खतिवडाले बताए ।

ऐनको दफा ३ को उपदफा ५ मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्था छ । जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्ततिलाई पनि नागरिकता प्राप्तिमा सहज बनाउने प्रावधान विधेयकमा छ ।

२०७२ को असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्था नागरिकता ऐनमा छ । बाबु र आमा दुवै नेपाली नागरिक हुनुपर्ने ऐनको बाध्यकारी व्यवस्थाले कतिपयलाई नागरिकता प्राप्तिमा कठिनाइ भएको छ ।

विधेयकमा बाबु वा आमामध्ये कुनै एकले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मका आधारमा नागरिकता प्राप्त गर्नुअगावै मृत्यु भएको वा आमा
सम्पर्कविहीन रहेको व्यक्तिका सन्तानलाई नागरिकता प्रदान गरिने प्रस्ताव संशोधन विधेयकमा गरिएको छ । सोही विधेयकमा नाबालक परिचयपत्र पनि आमाको नामबाट जारी हुने प्रावधान कायम गरिएको छ ।

नागरिकताको मामिलामा वकालत गर्दै आएका अधिवक्ता सविन श्रेष्ठ राज्य व्यवस्था समितिबाट पारित विधेयकलाई युगान्तकारी महत्त्वको बताउँछन् । 'संविधानले भन्छ कि आमाको नामबाट पनि नागरिकता दिनू । तर, आमाको नामबाट नागरिकता दिन आवश्यक कानुनमा संशोधन गरिएको थिएन,' उनले भने, ' मंगलबार भने संशोधन भएको छ, त्यससम्बन्धी विधेयक राज्य व्यवस्था समितिबाट पारित भयो । यो युगान्तकारी छ ।'

■ ■ ■

## निजी क्षेत्रलाई...

'निजी क्षेत्रले कमाएको वस्तुलाई नाफा भनिन्छ । फ्रि इकोनोमीले यही भन्छ । सरकारीमा यसलाई भ्रष्टाचार भनिन्छ,' दाहालले भने, 'एमआरपीले नाफालाई नियन्त्रण गर्दैन । राज्यको नियन्त्रण मूल्य निर्धारणमा कहीँ पनि छैन । अनौपचारिक बजारबाट हामी अत्यन्तै खुसी छौं । ग्रे मार्केटमा गइरहेको छ । ८० करोडको कारोबार अनौपचारिक बजारमा भइरहेको छ ।'

अहिले एउटा विद्यालयबाट विभिन्न शुल्कको नाममा ९० हजार मासिक असुल्दासमेत सरकार मौन बसेको उनको दाबी थियो । 'विद्यालयमा ८० देखि ९० हजार रूपैयाँ मासिक शुल्क लिएको देखिन्छ । कसैको अनुमति नदिइकन । के अब हामी कानुनी शासनबाट बाहिर जाँदै हौ त ?,' महानिर्देशक दाहालले भने, 'हामी एमआरपी लगाउन पनि तयार छैनौं । शिक्षा र सेवामा यति धेरै शुल्क वृद्धि भएको छ । स्थानीय तह पनि यसको प्रभावमा परिसकेको छ । हाम्रो बजार यसरी सही ट्र्याकमा जान सक्दैन ।'

कांग्रेस प्रचार विभागका प्रमुख मीनबहादुर विश्वकर्माले अहिले खाद्यन्नमा विषादीको अधिक प्रयोग हुँदा पनि सरकारले नियमन गर्न नसकेको यथार्थ विषय भएको बताए । यसले गर्दा अबका दिनमा विद्यालयभन्दा अस्पताल धेरै खोल्नुपर्ने अवस्था देशमा आउनसक्ने तर्फ उनले सचेत गराए । 'अब केही समयपछि विद्यालयभन्दा अस्पताल धेरै खोल्नुपर्ने हो कि जस्तो छ । नसर्ने रोगजति खाद्य पदार्थबाट सुरु भएको छ । धरानमा कृषि उपजमा विषादी ९५ प्रतिशत भएकोले डिस्पोज गर्नुपऱ्यो प्रहरीले यो अलार्मिङ हो कृषिमन्त्रीलाई,' कृषिमन्त्री रामनाथ अधिकारीतर्फ प्रश्न गर्दै विश्वकर्माले भने, 'यसलाई कसले फाइदा गर्छ ? अनुगमन गर्ने विधि भएन ।'

नियमनमध्येको एक तालुकदार निकायका प्रमुख गृहमन्त्री रमेश लेखकले नै खानेकुरामा अत्यधिक विषादी देखिन थालिएको बताए । उनले खानेकुरामा अत्यधिक विषादी मिसाएकै कारण धेरै मानिस क्यान्सरका बिरामी हुन थालेको आफूले पाएको तर्क गरे । ' अहिले तीन जना बिरामीलाई भेट्न जाँदा कम्तीमा एक जनालाई क्यान्सर भएको छ । यसको मुख्य कारण खानेकुरा हो भन्ने चिकित्सकको भनाइ छ । विषादीको कारण । कारण सप्लाइ चेनमा केही समस्या छ भन्ने देखिन्छ,' लेखकले भने । यद्यपि उनले आफ्नो मातहातमा पने विषयमा अनुगमनमा लागिपने धारणा राखे । उपभोक्ता र नेताहरूको भनाइ सुनेपछि अन्तिममा कांग्रेस सभापति शेर बहादुर देउवाले आफूलाई पनि बजेट मन नपरेको बताए । 'यो बजेट मलाई पनि चित्त बुझेको छैन । हाम्रो पार्टीलाई पनि चित्त बुझेको छैन,' देउवाले भने ।

■ ■ ■

## वैशाखमा...

यो अघिल्लो आवको वैशाखको तुलनामा ४९ अर्ब ३२ करोड रूपैयाँले बढी हो । अघिल्लो आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा एक खर्ब ५७ अर्ब ७१ करोड रूपैयाँ बढी विप्रेषण भित्रिएको छ । वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै मुलुकमा भित्रिने रेमिटयान्सको आकडा बढ्न गएको हो । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आवको १० महिनामा कूल छ लाख ८५ हजार ९२४ जना युवा रोजगारीका लागि विदेसिएका छन् । यो अघिल्लो आवको सोही अवधिको तुलनामा ७६ हजार २१९ जनाले बढी हो ।

चालु आवको १० महिनामा रोजगारीका चार लाख पाँच हजार ६१० जनाले नयाँ श्रम स्वीकृति लिएको तथ्यांक छ । सो अवधिमा पुन: श्रम स्वीकृति लिएर दुई लाख ८० हजार ३१४ जना रोजगारीका लागि विभिन्न मुलुकमा गएका छन् । अघिल्लो वर्षको यसै अवधिमा व्यक्तिगत र संस्थागत माध्यमबाट तीन लाख ७३ हजार ३०७ जना र पुन: श्रम स्वीकृति लिएर दुई लाख ३६ हजार ३९८ जना गएका थिए । यस अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.५ प्रतिशतले बढेर नौ अर्ब ९६ करोड डलर पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो आवमा यस्तो आप्रवाह १४.८ प्रतिशतले बढेको थियो ।

चालु आवको १० महिनामा भित्रिएको रेमिटचान्सको रकम सबैभन्दा बढी वैशाख र सबैभन्दा कम कात्तिकमा रहेको छ । पहिलो महिना साउनमा एक खर्ब ३६ अर्ब ९३ करोड रूपैयाँ, भदौमा एक खर्ब २६ अर्ब २१ करोड, असोजमा एक खर्ब ४४ अर्ब १७ करोड, कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड, मंसिरमा एक अर्ब १८ अर्ब ८० करोड, पुसमा एक खर्ब २२ अर्ब ६५ करोड, माघमा एक खर्ब ३७ अर्ब पाँच करोड, फागुनमा एक खर्ब ५१ अर्ब १९ करोड र चैतमा एक खर्ब ३९ अर्ब ५४ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

उक्त रकम वैधानिक माध्यमबाट आएको रेमिटचान्सको मात्र हो । हुण्डीलगायतका अवैधानिक माध्यमबाटसमेत रकम भित्रिने गरेको छ । त्यसको तथ्यांक भने राष्ट्र बैंकसँग हुँदैन । सरकारले बैंकिङ प्रणालीबाट विप्रेषण पठाउन विदेशमा रहेकाहरूलाई प्रोत्साहित गर्दै आएको भए पनि जोखिम मोलेर अवैधानिक च्यानलबाट रकम पठाउने क्रम रोकिएको छैन । अवैधानिक च्यानलबाट पठाउँदा एकातर्फ विदेशमा दुःख गरेर कमाएको पैसा गुम्ने जोखिम हुन्छ भने करबापत हुने आम्दानी पनि राज्यले गुमाउनु परिरहेको छ ।

■ ■ ■

## घरेलुबाहेकका...

जेनेभा बैठकले साउदीसँग सामान्य श्रम सम्झौता र सीप प्रमाणीकरण कार्यक्रममा हस्ताक्षर गर्ने बाटो खोलिदिएको मन्त्री भण्डारीले बताए । उनका अनुसार साउदीले पठाएको सामान्य सम्झौताको मस्यौदामा नेपालले सहमति जनाएर औपचारिकरूपमा परराष्ट्र मन्त्रालयमार्फत साउदी सरकारलाई पठाइसकेको छ । त्यस मस्यौदामा अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डअनुसार श्रमिकको अधिकार, व्यवसायजन्य स्वास्थ्य सुरक्षा, रोजगारदाता परिवर्तन, श्रमिकको न्यायोचित भर्ना गर्ने विषयहरू समावेश गरिएका छन् ।

### नेपालले साउदीसामु उठाएका प्रमुख विषय

भेटका क्रममा मन्त्री भण्डारीले रोजगारीका विषयमा नेपालको धारणा र अडानबारे साउदीलाई प्रस्ट पारेका छन् । घरेलु श्रमिक भर्नासम्बन्धी सम्झौता गर्न नेपाल अझै मापदण्ड तय गर्ने चरणमा रहेकाले कूटनीतिक नियोगको क्षमता सुदृढ गर्दै श्रमिकको न्यायमा पहुँच र समयमै हस्तक्षेप गर्न सक्ने संयन्त्रको विकासलाई नेपालले प्राथमिकता दिएको उनले बताएका थिए । भण्डारीले शून्य लागतमा श्रमिक भर्ना गर्ने नीतिमा जोड दिएका छन् ।

श्रमिकलाई सुरक्षित, मानवीय र सम्मानजनक काम तथा गुणस्तरीय वासस्थान हुनुपर्ने विषय पनि प्राथमिकतामा राखिएको छ । न्यूनतम ज्याला, सुरक्षा, व्यवसायजन्य स्वास्थ्य, जीवन बिमा, स्वास्थ्य उपचारमा सहज पहुँच र सुरक्षा मापदण्ड स्पष्ट हुनुपर्ने भण्डारीले बताएका थिए । साउदीको श्रमबजारको आवश्यकताअनुसार नेपालमा व्यावसायिक र प्राविधिक प्रशिक्षण सञ्चालन गराउन सहकार्य गर्न नेपाल तयार भएको उनले जानकारी गराएका थिए । साथै साउदीले आयोजना गर्ने सन् २०३४ को फिफा विश्वकप सफल बनाउन नेपाल सहकार्यका लागि इच्छुक भएको भण्डारीको भनाइ थियो ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०२।१२ गते काठमाडौं, का.म.न.पा-३२, नरेफाँट स्थित युनिक क्याफे अगाडी पार्किङ गरिराखेको कालो रङ्को NS 200 cc मोटरसाइकल रातको अन्दाजी ९:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : उज्वल उमङ्ग भण्डारी**
**बाइक नं.: बा.प्र.०२ ०५५ प ७३४८**
**च्यासिस नं.: MD2A36FX5RCG84121**
**इन्जिन नं. : JLXCRG77046**
**ठेगाना: कोटेश्वर, काठमाडौं**
**सम्पर्क: ९८६४७७४४७७**

### माइग्रेसन हराएको सूचना

मिति २०८२/०२/२० गते मंगलबजार देखि पाटन क्याम्पस सम्म आउँदा मेरो निम्न व्यहोरा भएको **(+2)** तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बिक्रम सिंपाली**
**दर्ता.नं.: ८०३२५०३८००१४**
**सिम्बोल नं.: २२५०७५२२**
**सम्पर्क: ९८२८९००२१०**

### नेपाल सरकार
### उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७०।०८।०७ मा दर्ता भएको प्रा.लि.नं. ११७३०१ को आमा सरस्वती गीता देवी फिल्मस प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१।०७।१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।


**युएइमा रोजगार** कम्पनी : ADVANCED AGRICULTURAL SYSTEMS L L C

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325406 | चलानी नं. ६०२३९३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 20 | 0 | 800 | २९,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GARDENER WORKER | 25 | 0 | 800 | २९,८०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ४ गते (18th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७३/०७३/०७४

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

**साउदीमा रोजगार** कम्पनी : HUSSAIN ALI AL LUBBAD AND PARTNER COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 313765 | चलानी नं. ६०२२८७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 15 | 0 | 1200 | ४३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ४ गते (18th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 456/060/61

KHUMBU OVERSEAS SERVICES PVT. LTD.
Sinamangal, Kathmandu, Nepal, T: +977-4116683, Mob: 9808922259
Email:- khumbuoverseas1@gmail.com, Web: www.khumbuoverseas.com

**युएइमा रोजगार** कम्पनी : ELRACE CONS & GEN.CONT

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन ज्ञापन स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 322249 | चलानी नं. ६०२३६३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Technicians | 29 | 0 | 1400 | ५२,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painters | 14 | 0 | 1400 | ५२,०२५ | | | | | | | |
| 3 | Concrete Mason | 13 | 0 | 1400 | ५२,०२५ | | | | | | | |
| 4 | Construction Carpenter | 28 | 0 | 1400 | ५२,०२५ | | | | | | | |
| 5 | Electrician. | 29 | 0 | 1400 | ५२,०२५ | | | | | | | |
| 6 | Labour | 54 | 0 | 1000 | ३७,१६० | | | | | | | |
| 7 | Plumber | 15 | 0 | 1400 | ५२,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
- Dhanusha, Janakpur, Vision Institute Training Center मा मिति: २०८२ जेठ ३१ र असार २ गते (14/16th Jun. 2025) मा हुनेछ । ९८०७८८०५२१
- Janakpur, Madhesh Training Center र Gulf Training Center मा मिति: २०८२ जेठ ३१ गते (14th Jun. 2025) मा हुनेछ ।
- Janakpur, Muskan Training Center मा मिति: २०८२ जेठ ३१ गते (14th Jun. 2025) मा हुनेछ ।
- Siraha, Sailesh Training Center मा मिति: २०८२ असार १ गते (15th Jun. 2025) मा हुनेछ ।
- Janakpur, PR Training Center र Madhesh Training Center मा मिति: २०८२ असार २ गते (16th Jun. 2025) मा हुनेछ ।
- Janakpur, Janakpurdham, Turedo Institute of Technology Pvt Ltd मा मिति: २०८२ असार २ गते (16th Jun. 2025) मा हुनेछ ।
- Kathmandu, Oldnet Training Center मा मिति: २०८२ असार ३ गते (17th June. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**मलेसिया/साउदीमा रोजगार** कम्पनी : AJWA BARBEQUE & RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 294899 | चलानी नं. ६०२३६४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping/Cleaner | 5 | 5 | 1000 | ३७,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ४ गते (18th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९

**युएइमा रोजगार** कम्पनी : YAAZH INIYAN TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324367 | चलानी नं. ६०२३८७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1200 | ४४,८०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpet Fixer | 1 | 0 | 1200 | ४४,८०९ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४४,८०९ | | | | | | | |
| 4 | Stone Carver | 2 | 0 | 1200 | ४४,८०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ४ गते (18th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1577/079/80

DIVINE POWER H.R. SOLUTION PVT.LTD.
Dhumbarahi, Kathmandu, Nepal, Tel.: +977-01-5913923, 5913924,
Whatsapp: 9705016917, 9857010594, Email: divinehrnepal@gmail.com, Web: www.divinehrnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बुधबार, २८ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ जेठ, २०८२ (११ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७० | १३७.३० |
| युरो | १ को | १५६.०६ | १५६.७४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.३४ | १८६.१६ |
| स्विस फ्रैन्क | १ को | १६६.५९ | १६७.३२ |
| अस्ट्रेलियन डलर | १ को | ८९.१८ | ८९.५७ |
| क्यानाडियन डलर | १ को | ९९.९२ | १००.३६ |
| सिङ्गापुर डलर | १ को | १०६.३३ | १०६.८० |
| जापानी येन | १० को | ९.४७ | ९.५१ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१२ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५१ | ३७.६८ |
| थाई भाट | ख १ को | ४.१८ | ४.२० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२२ | ३७.३८ |
| मलेसियन रिङेट | १ को | ३२.३१ | ३२.४५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.२२ | १४.२८ |
| डेनिस क्रोनर | १ को | २०.९२ | २१.०१ |
| हङकङ डलर | १ को | १७.४२ | १७.४९ |
| कुवेती दिनार | १ को | ४४६.०५ | ४४८.०१ |
| बहराइन दिनार | १ को | ३६२.५५ | ३६४.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# किष्ट अस्पताललाई एनएबिएच मान्यता




■ प्रभाव संवाददाता

**काठमाडौं–** किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पताल नेपालकै पहिलो अन्तर्राष्ट्रिय रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने मान्यता प्राप्त मेडिकल कलेज तथा शिक्षण अस्पताल बनेको छ ।

अन्तर्राष्ट्रिय रूपमा गुणस्तरीय स्वास्थ्य सेवाको मान्यता प्रदान गर्ने संस्था भारतको नेसनल एक्रिडियसन बोर्ड फर हस्पिटल एण्ड हेल्थ केयर प्रोभाइडर्स (न्याब) ले लामो समयको अनुगमन र परीक्षणपश्चात् तोकिएका ६०० भन्दा बढी मापदण्डहरू पूरा गरेपछि गत अप्रिल २४ मा अस्पताललाई यो मान्यता प्रदान गरेको हो ।

उक्त मान्यता प्राप्त गरेसँगै अब अस्पतालले संस्थाले तोकेको अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्नुपर्ने छ । यसले बिरामीको सेवाका लागि अस्पताल थप उत्साही भएको तथा सेवाको गुणस्तरमा सेवाग्राहीले थप विश्वास गर्ने वातावरण बनेको अस्पतालका प्रबन्ध निर्देशक अविशेक थापाले बताए । जुनसुकै प्रकारका बिरामीले स्वास्थ्य सेवामा अन्तर्राष्ट्रिय गुणस्तरको उपचार सेवा पाउने अवसर अस्पतालले प्रदान गरेकोले अस्पताललाई थप जिम्मेवार बनाएको उनको भनाइ छ। यसले अस्पतालप्रति सेवाग्राहीको थप विश्वास बढ्नेसमेत उनले बताए ।

### के हो एनिबएच मान्यता

न्याबले भारत तथा भारतबाहिरका स्वास्थ्य सेवा प्रदायकहरूको गुणस्तर मापन गर्ने गर्दछ । न्याबले अस्पताल एक्रेडिटेसन कार्यक्रम यसै वर्ष सुरु गरेको हो । सार्वजनिक तथा निजी अस्पतालमा स्वास्थ्य सेवा गुणस्तर सुधार गर्ने र बिरामीको सुरक्षामा ध्यान दिने उद्देश्यले यो कार्यक्रम सुरु गरेको न्याबको भनाइ छ । न्याबको यो कार्यक्रम भारतसँगै विभिन्न देशमा फैलिएको छ। न्याब इन्टर नेसनल सोसाइटी फर क्वालिटी एसुरेन्स इन हेल्थ केयरबाट प्रमाणित भएको जनाइएको छ ।

न्याबको गुणस्तर मापदण्ड प्राप्त गर्नका लागि अस्पतालले बिरामीको सुरक्षा र स्वास्थ्य सेवाको गुणस्तरमा केन्द्रित भएर अस्पतालको सेवा सुधार गर्ने आधारहरू प्रस्तुत गर्नुपर्छ । त्यस्तै, अस्पतालको पूर्वाधार, उपकरणलगायतका मापदण्ड पालना गर्नुपर्छ ।

न्याबको गुणस्तर प्राप्त गर्न अस्पतालले स्वास्थ्य सेवा क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा प्रमाणित ६०० भन्दा बढी मापदण्डहरूमा परीक्षण गराउनुपर्छ । सेवा सुरक्षादेखि संक्रमण नियन्त्रण, बिरामीको अधिकार, कर्मचारीको तालिम, दस्तावेज व्यवस्थापन, आकस्मिक सेवा तयारीजस्ता विभिन्न क्षेत्रहरूमा अस्पतालले मापदण्ड पूरा गर्नुपर्छ। यी मापदण्ड पूरा नगर्ने अस्पताललाई न्याबले गुणस्तर मान्यता प्रमाणपत्र दिँदैन । किष्ट अस्पतालले दुई वर्षभन्दा बढी समय लगाएर सम्पूर्ण आन्तरिक प्रक्रिया पूरा गरी यो मान्यता प्राप्त गरेको जनाएको छ ।

ललितपुर ग्वार्कोस्थित यो अस्पताल वि.सं. २०६२ सालमा स्थापना भएको हो । अस्पतालले सामान्य स्वास्थ्य सेवादेखि विशिष्टीकृत सेवा प्रदान गर्दै आएको छ । पछिल्लो समय मिर्गौला तथा कलेजो प्रत्यारोपण, मुटुरोग तथा क्यान्सर रोगसम्बन्धी सेवासमेत अस्पतालले दिँदै आएको छ । नेपालमै पहिलोपटक एकै व्यक्तिमा कलेजो र मिर्गौलाको सफल प्रत्यारोपणसमेत अस्पतालले गरिसकेको छ ।

# कोरियाका लागि एनओसी खोल्न पीडित विद्यार्थीहरूको माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** दक्षिण कोरियामा अध्ययनका लागि जाने तयारीमा रहेका विद्यार्थीहरूले तत्काल एनओसी खोल्न सरकारसँग माग गरेका छन् । सरकारले दक्षिण कोरियामा 'डी टु' र 'डी फोर' भिसामा स्नातक तहको अध्ययन गर्न जाने विद्यार्थीहरूलाई एनओसी स्थगित गरेका कारण रोकिएका विद्यार्थीहरूले सोमबार रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन गरी उक्त माग राखेका हुन् ।

उनीहरूले एनओसी स्थगित गर्दा विभेद र असमान व्यवहार गरेको भन्दै आक्रोश पोखेका छन् । एनओसी रोकिएका विद्यार्थी आयु सिंहले आधिकारिक कारण र पूर्वजानकारीविना आफूहरूको एनओसी रोकिएको गुनासो गरे । 'हामी ब्ल्याकलिस्टेड युनिभर्सिटीमा जान मिल्दैन। एनओसी किन भ्यालिड रिजनविना बन्द गर्नुभयो ? म सरकारलाई प्रश्न गर्न चाहन्छु,' उनले भने। उनले विद्यार्थीको भविष्य अन्धकार बनाउनका लागि कतै चलखेल भएको त होइन भन्ने आशंकासमेत व्यक्त गरे। सरकारले मात्रै नभएर अहिले सर्वोच्च अदालतलेसमेत आफूहरूलाई अन्याय गरेको उनले बताए ।

एनओसी रोकिएपछि विभिन्न ८ जना जना विद्यार्थीले अदालतमा रिट दायर गरेको र उनीहरूको एनओसी प्राप्त भएको घट्ना स्मरण गराउँदै आफूहरूलाई भने वञ्चित गरिएको उनको भनाइ छ। शिक्षा मन्त्रालयले निकालेको सूचनामा वैशाख २७ गतेभन्दा अगाडि एनओसी आवेदन गर्नेले मात्र पाउने भनिएको छ । 'यस्तो व्यवस्थाले हामी एकदमै अन्याय र विभेदमा परेका छौं । वैशाख २७ गतेपछि एनओसी एप्लाइ गर्नेहरूको रिजेक्ट भएको छ । एक इन्टेकअघि सूचना निकालेर बन्द गर्नु गलत हो,' सिंहले भने ।

अभिभावक दुर्गा कुँवरले एनओसी रोकिँदा आफूहरूसमेत समस्यामा परेको सुनाए । उनले तत्कालका लागि एनओसी खुला गर्न माग गरे ।

अर्की विद्यार्थी ल्हामु शेर्पाले आफू २०२५ सेप्टेम्बर इनटेकका लागि एप्लाइ गरेको बताइन् । 'कि त सबैलाई दिनु, हामीलाई मात्रै किन विभेद गरियो,' उनले भनिन्, 'अहिलेसम्म गरेको लगानी र समय त खेर गयो नै, भविष्य नै अन्योलमा पार्ने भयो ।' पत्रकार सम्मेलनमा उपस्थित अन्य पीडित विद्यार्थीहरूले पनि आफूहरू अन्यायमा परेको भन्दै तत्काल एनओसी खोलिदिन सरकारसँग आग्रह गरे ।

# प्रत्यारोपणमा उपयोग हुने वस्तु सरकारी फार्मेसीमै अनिवार्य गर्न परिपत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुटु, हड्डी तथा विभिन्न खालका बिरामीको प्रत्यारोपण तथा उपचारमा उपयोग हुने वस्तु अस्पताल फार्मेसीमै व्यवस्था गर्न परिपत्र गरेको छ ।

हाल सरकारी फार्मेसीमा उपलब्ध नहुने तथा मूल्य विवरणसमेत सार्वजनिक नहुँदा बिरामीहरूले महँगो मूल्यमा त्यस्ता वस्तु खरिद गर्नु परिरहेको छ । अस्पताल फार्मेसीमा उपलब्ध नहुँदा अस्पतालमै निजी व्यवसायीले महँगोमा बिक्री गरिरहेको गुनासो आएपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले शल्यक्रियापछि आवश्यक पर्ने त्यस्ता वस्तु अस्पतालकै फार्मेसीमा नयाँ आर्थिक वर्षबाट व्यवस्था गर्न भनेका थिए । सोहीअनुसार सचिवस्तरीय निर्णयमार्फत मन्त्रालयले अब अस्पतालमा सबै बिरामीले देख्ने स्थानमा मूल्य सार्वजनिक हुने तथा अस्पतालकै फार्मेसीमा उपलब्ध हुनेगरी निर्णय गरेर परिपत्र गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

साथै बिक्रेताहरूलाई बढी मूल्य लिनबाट रोक्न सबै अस्पतालले आर्थिक वर्षमा कुनै रोगको प्रत्यारोपण, शल्यक्रिया तथा उपचारका लागि नयाँ खालको वस्तु आवश्यक परेमा कम्पनी, आधिकारिक बिक्रेता तथा मूल्य सार्वजनिक गरेर मात्र बिरामीले प्राप्त गर्ने व्यवस्था मिलाउन समेत मन्त्रालयले पत्राचार गरेको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/१४ मा दर्ता भएको **प्रा. लि. नं. २७३८८७/०७८/०७९** को **परिमार्जन बालुवा उद्योग** को मिति २०८२/०२/२७ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२८**

**नेपाल समि मार्केटिङ** को मिति २०८२/०१/२८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल समी इन्टरप्राइजेज् (प्रा.लि नं १९२५१०)** कायम गर्ने गरी मिति २०८२/०२/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिमालेख हरायो**

मिति २०८२/०१/२१ गते काठमाडौं, चावहिलबाट पाटन जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : शुशिला लामिछाने**
**बिमालेख नं.: ११००२३९९४**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४००५८४३४**

**UAE मा रोजगार** Emirates Gateway Security Services LLC

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८०/१२/२३ चलानी नं. ६०२१७९८४ LT No. : 303185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 179 | 25 | काममा दक्ष | 2000 | ७४,८६२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८२ असार ५, ६ र ७ गते (19, 20 & 21 June, 2025) वेष्ट वेष्टन प्लस काठमाडौं होटलमा हुनेछ ।

**अल्फा सिग्मा ओभरसिज प्रा. लि.**
सिनामंगल (तारा हलचोक, गुण कोलनी सँगै), काठमाडौं,फोनः ०१-४५६१८२७, ४५६१९४६
श्रम ईजाजत नं.: ५१६/०६१/०६२
Email : alphasigmanepal@gmail.com | Web: alphasigmaoverseas.com

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/२८**

यस कम्पनीको मिति २०८१/१२/०६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **टिम सप्लायार्स. प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **टिम ट्रेडिंग प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम ट्रेडिंग प्रा.लि.** (प्रा.लि.नं.१५८५७८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**दावी विरोध सम्बन्धी**

**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**

प्रकाशित मितिः २०८२/०२/२८

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Friendship and Cooperation Recruitment Pvt. ltd. (इ.प.नं. १५८९/०७९/८०)** काठमाडौंले सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं.४ मा शाखा कार्यालय खोली संचालन गर्न र उक्त शाखा कार्यालयमा शाखा प्रमुखको रूपमा सुनसरी जिल्ला भोक्राहा नरसिंह गाउँपालिका वडा नं.-१ बस्ने अधिक लाल उराव लाई नियुक्त गर्न स्वीकृतीको लागि यस विभागमा मिति २०८१/०९/२१ मा निवेदन पेश गरेको र पुनः उक्त शाखा प्रमुखलाई हटाई नयाँ शाखा प्रमुख नियुक्तिको लागि स्वीकृती माग गरेको हुँदा उक्त प्रा.लि. को माग बमोजिम स्वीकृती प्रदान गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय ललितपुर**

**गोलिया काठरदाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८ गते**

श्री Leprosy Mission Nepal गोदावरी ०६ ललितपुरको क्षेत्रमा रहेका जोखिमयुक्त रूखहरु कटान मुछान गरी उत्पादन भएको खोटेसल्ला लगायतका प्रजातिको १८५६।९५ क्यु.फि. काठ र १.५ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पतीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
**Biratchowk, Morang, Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/02/28**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under **NCB** bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. For bidding document Fee in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630146
   Rajaswa Shirshak no: 14229
   Office code no: 801011309
4. Bids must be valid for a period of **90 days** counting from the day of bid opening. Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of **30** days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np

| S. N. | Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/NCB/W/75/2081/082 | Shukrabare Khel maidan Stage Nirman, Sundarharaicha-12 | 4056130.58 | 3000.00 | 117500.00 | 2082/03/27 12:00PM | 2082/03/27 01:00PM | NCB |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## उपभोक्ताको अधिकारमा ध्यान देऊ

**जब बजेट आउँछ, तब महँगी सुरु हुन्छ । त्यसो त हिजोआज आर्थिक मन्दी छ । आर्थिक मन्दीमा व्यापारीले ठगी गर्न सक्दैनन् । यद्यपि सेवा तथा अरु क्षेत्रबाट घुमाउरो तरिकाबाट उपभोक्ता ठगिन्छन् । यो विषयमा सरकारले कुनै नियमन गर्न सकेको छैन । अहिले व्यवसायीले खाद्यन्न र शिक्षा क्षेत्रमा यसरी नै घुमाउरो तरिकाबाट ठग्न सुरु गरेका छन् । शिक्षा सेवा क्षेत्र हो । पुँजीवादी अर्थतन्त्रका कारण निजी विद्यालयहरू खोल्नमा कुनै छेकबार छैन । बोर्डिङ स्कुलका नामले चिनिने यस्ता विद्यालयहरूमा सेवाका नाममा एक विद्यार्थीबाट मासिक लाखसम्म असुल्छन् । यद्यपि उपभोक्ता त्यही सेवालाई सुविधाको नाममा प्रयोग गर्छन् ।**

**यसले अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुन्छ । अर्को महत्त्वपूर्ण र घातलाग्दो कुरा हो खानपानमा विषादी । सेवा उपभोक्ताले छल्न सक्छन् तर दैनिक हुने खानपानबाट बच्न सक्दैनन् । अहिले मासुजन्य पदार्थ, दुग्धजन्य पदार्थदेखि पेय पदार्थ र खानेकुरामा अत्यधिक विषादी मिसाइएको पाइन्छ । छिटो नाफा आर्जनका लागि उत्पादन बढाउन अत्यधिक रासायनिक मलको प्रयोग हुन थालेको छ । यसैगरी उत्पादनदेखि बजारसम्म लैजाने क्रममा ती वस्तुहरूको गुणस्तर कायम राख्न विषादीको प्रयोग पनि हुनेगर्छ । जसले गर्दा खाद्यपदार्थ विषाक्त बन्छ । यही कारण उपभोक्ताको स्वास्थ्यमा गम्भीर खतरा सिर्जना हुन सुरु गरेको छ ।**

**नेपालमा यस्ता विषयमा ध्यान दिन न त उपभोक्ता सचेत छन् न सरकारको नियमन छ । विकसित राष्ट्रमा खाद्यपदार्थदेखि सेवामा सरकारले नै सचेततापूर्वक नियमन गर्ने गर्छ । उपभोक्तालाई मारमा पार्ने खालको क्रियाकलाप गर्ने उद्योगी, व्यापारीको लाइसेन्स जफत हुन्छ । नेपालमा भने विषादी मिसाउँदा पनि उपभोक्ता आफैं यस्तै हो भन्दै बस्छन् भने सरकार झन् नदेखेझैं गरी मौन बसिदिन्छ ।**

**सरकार नै कमजोर हुँदै जाँदा जनतामा भित्रभित्रै आक्रोश उत्पन्न हुन्छ । यद्यपि, व्यापारीको चंगुलमा फसेको सरकारको निरीहताप्रति जनताको दया जाग्छ । जनताको यो दयालाई भने सरकारले कमजोरी ठान्छ । यसले गर्दा उसले उपभोक्ताको विषयमा कुनै ध्यानै दिन सक्दैन । आफैं पनि व्यापारीको घेराबन्दीमा परेपछि बल्ल सरकारमा पुगेकाहरू झस्किन्छन् । उनी झस्किँदा अबेर भइसक्छ । त्यसैले सरकार, बेलैमा जनताको अधिकारमा ध्यान देऊ ।**

### श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# अपरिहार्य बन्दै एआई साक्षरता



■ लिलाराज भट्टराई

> जसरी अक्षर चिन्ने, पढ्न, लेख्न र जान्नेलाई 'साक्षर' भनिन्छ, त्यसैगरी, एआई बुझ्ने, जान्ने र प्रयोग गर्नेलाई 'एआई साक्षर' भनिन्छ । यो एआईको जमाना हो । एआई हाम्रो जीवनको सबै पक्षहरूमा पसिरहेको छ । त्यसैले पढ्न-लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा पनि साक्षर बन्नैपर्छ । प्रविधिमा साक्षर नबने अबको जमानामा अघि बढ्न सकिँदैन । जो अपडेट हुँदैन, ऊ आउटडेट हुन्छ ।

मेरी आमा लेखपढ गर्न जान्नुहुन्न तर सामाजिक सञ्जाल फेसबुकमा आफैं फोटो र स्टाटस लेखेर पोस्ट गर्नुहुन्छ । हातले लेख्न आउँदैन तर मुखले लेख्नुहुन्छ अर्थात् बोलेर लेख्नुहुन्छ । मलाई ग्राफिक डिजाइन पटक्कै आउँदैन तर मलाई आवश्यक पर्ने ग्राफिक डिजाइन म आफैं बनाउँछु । कहिलेकाहीँ छक्क पर्छु यो मैले नै बनाएको हो त ?

मलाई पोडकास्ट बनाउने रहर थियो । पूरा हुन पाएको थिएन । अहिले म पोडकास्ट बनाउँछु । म चाहिँ बोल्दिनँ । मेरोभन्दा कयौं गुणा राम्रो आवाज भएका प्रस्तोता छन् । तर उनीहरू मान्छे होइनन् । एआईले नै पोडकास्ट बनाइदिन्छ नेपाली भाषामै ।

कहीँ केही विषयमा प्रस्तुति गर्नुपर्‍यो भने तुरुन्त मिनेटमा गुणस्तरीय प्रस्तुति तयार गर्छु । यी त साधारण र आधारभूत उदाहरणमात्र हुन् । एआई साक्षर बन्न सक्दा हिजो जान्दै नजानेका, जानेर पनि गर्न नसकेका, गर्दा पनि महिनौं लाग्ने काम अहिले एआईले मिनेटभरमै गर्न थालेको छ । त्यसैले एआई साक्षरता अहिलेको आवश्यकता हो ।

मानव सभ्यताको विकासक्रममा 'साक्षरता'को परिभाषा निरन्तर विकसित हुँदै आएको छ । विगतमा अक्षर चिन्ने, पढ्न र लेख्न जान्ने व्यक्तिलाई 'साक्षर' भनिन्थ्यो । तर, प्रविधिको द्रूत विकासले यो परम्परागत परिभाषालाई चुनौती दिएको छ । आजको युगमा प्रविधि हाम्रो दैनिक जीवनको अभिन्न अंग बनिसकेको छ । स्मार्टफोनदेखि स्मार्ट घरसम्म, प्रविधिले हाम्रो जीवनशैलीलाई पूर्णरूपमा रूपान्तरण गरिरहेको छ । यसैले, अब साक्षरताको परिभाषा पनि बदलिएको छ । पढ्न-लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा साक्षर बन्नु अपरिहार्य भएको छ । र, यसको केन्द्रमा छ- आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् कृत्रिम बौद्धिकता ।

आगामी दिनहरूमा एआई साक्षरता आवश्यकता मात्र होइन, अनिवार्य बन्ने अवस्था सिर्जना हुँदै छ । अबको जमानामा साँचो साक्षरता भन्नाले डिजिटल र कृत्रिम बौद्धिकताको उपयोग गर्नसक्ने क्षमतालाई मानिने छ । जसरी विगतमा हाम्रा पुर्खाहरू साक्षर नहुँदा पीडा भोग्नुपर्‍यो, त्यसैगरी अहिलेका युवापुस्ता एआई साक्षर नबन्दा आगामी केही वर्षमै रोजगारी, शिक्षा र सूचनाका नयाँ ढोकाहरूबाट वञ्चित हुने छन् ।

### एआई के हो ?

एआई, अंग्रेजी शब्द 'आर्टिफिसियल इन्टेलिजेन्स' को संक्षिप्त रूप हो, जसलाई नेपालीमा 'कृत्रिम बुद्धिमता' वा 'कृत्रिम बौद्धिकता' भनिन्छ । शाब्दिकरूपमा हेर्दा यो मानिसले सिर्जना गरेको बौद्धिकता हो । मानव जातिमात्र यस्तो प्राणी थियो जसमा सिक्ने, बुझ्ने, सोच्ने, विचार गर्ने र निर्णय गर्ने क्षमता थियो । यही क्षमताका कारण मानव सभ्यताले आजको स्वरूप प्राप्त गरेको हो । जब मानिसमा रहेको यही क्षमतालाई मेसिनले अनुकरण गरी मानिसले जस्तै सोच्ने, बुझ्ने, विचार गर्ने र आफैं निर्णय गर्न सक्ने बनाइयो, त्यसलाई कृत्रिम बौद्धिकता भनिन्छ । सरल शब्दमा भन्नुपर्दा बुद्धि भएको मेसिन नै एआई हो ।

हालै क्यानडाले पूर्वरेडियो पत्रकार इभान सोलोमनलाई 'एआई मन्त्री' बनाएको घटनाले विकसित राष्ट्रहरूले एआईलाई कति गम्भीरताका साथ लिएका छन् भन्ने स्पष्ट पार्छ । नेपालमा पनि हालै प्रस्तुत बजेटमा एआईलाई सम्बोधन गरिएको छ ।

हाम्रो मोबाइल, अफिस, गाडी र घरहरूसम्म एआई समावेश भइसकेको छ । हामी जानेर वा नजानेर एआईको प्रयोग गरिरहेका छौं । केही समयमै एआई हाम्रो जीवनको अभिन्न अंग बन्दै छ । एआईको नयाँ-नयाँ आविष्कारले संसारसँग हाम्रो अन्तरक्रियाको तरिका नै परिवर्तन गरिदिएको छ । शिक्षा, स्वास्थ्य, यातायात, कृषि, पर्यटन, प्रशासन, मनोरञ्जन, सुरक्षा लगभग हरेक क्षेत्रमा एआईको प्रयोग तीव्र गतिमा बढिरहेको छ । यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष यो हो कि यसले मानवले महिनौं लगाएर गर्न नसक्ने काम मिनेटमै सम्पन्न गरिदिन्छ । मानिस थाक्छ, तर मेसिन भएकाले एआई थाक्दैन ।

**स्वास्थ्य क्षेत्रमा क्रान्तिः** एआईले स्वास्थ्य क्षेत्रमा अभूतपूर्व क्रान्ति ल्याइरहेको छ । कोरोना भ्याक्सिनको तीव्र विकासमा एआईको भूमिका महत्त्वपूर्ण थियो । बेलायतमा मुटुरोग चाँडै पत्ता लगाउन र मधुमेहको स्तर स्वचालितरूपमा नियन्त्रण गर्न एआईको प्रयोग भइरहेको छ । क्यान्सरलगायतका असाध्य रोगहरूको निदान र उपचारमा पनि एआईले चिकित्सकहरूलाई सशक्त साथ दिइरहेको छ ।

**यातायातमा प्रगतिः** चालकविहीन कारहरू अहिले विश्वभरका सडकहरूमा गुडिरहेका छन् । गुगलजस्ता कम्पनीहरूले पनि चालकविहीन सवारीसाधनको विकासमा ठूलो लगानी गरिरहेका छन् । यसले यातायात प्रणालीलाई सुरक्षित र प्रभावकारी बनाउने सम्भावना बोकेको छ ।

**मिडिया र सञ्चारमा रूपान्तरणः** मिडिया क्षेत्रमा समाचार उत्पादन, प्रशोधन, प्रकाशन र प्रसारणमा एआईले सहयोग पुर्‍याइरहेको छ । मानिसजस्तै देखिने एआई एंकरहरूले समाचार र कार्यक्रम प्रस्तुत गर्ने क्रम बढ्दो छ, जसले सञ्चारमाध्यमको भविष्यलाई नयाँ दिशा दिइरहेको छ ।

**कृषिमा उत्पादकत्व वृद्धिः** भारतको तेलंगानामा एआई प्रयोग गरेर खेती गर्दा उत्पादनमा उल्लेखनीय वृद्धि भएको पाइएको छ । एआईले माटोको अवस्था विश्लेषण गर्ने, बालीको निगरानी गर्ने र सिँचाइ तथा मलको आवश्यकता निर्धारण गर्नेजस्ता कार्यहरूमा किसानहरूलाई मद्दत गर्छ ।

**निर्णय निर्माण र प्रशासनः** एआईलाई सल्लाहकारका रूपमा राख्ने क्रम बढ्दो छ । भारतको विद्यालयमा एआईले शिक्षकलेभन्दा गुणस्तरीय ढंगले पढाउने गरेको छ । अब एआईले के गर्छ भन्दा पनि 'एआईले के चाहिँ गर्दैन?' भन्ने समय आउँदै छ ।

### एआई साक्षरता के हो त ?

जसरी अक्षर चिन्ने, पढ्न, लेख्न र जान्नेलाई 'साक्षर' भनिन्छ, त्यसैगरी, एआई बुझ्ने, जान्ने र प्रयोग गर्नेलाई 'एआई साक्षर' भनिन्छ । यो एआईको जमाना हो । एआई हाम्रो जीवनको सबै पक्षहरूमा पसिरहेको छ । त्यसैले पढ्न-लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा पनि साक्षर बन्नैपर्छ । प्रविधिमा साक्षर नबने अबको जमानामा अघि बढ्न सकिँदैन । जो अपडेट हुँदैन, ऊ आउटडेट हुन्छ ।

एआई साक्षर भनेको एआईविज्ञ बन्नु भनेको होइन । तर, यतिचाहिँ जान्नुपर्छः एआई के हो ? एआईले के गर्छ ? एआईका के कस्ता उपकरणहरू (टुल्स) आएका छन् र तिनीहरूलाई कसरी प्रयोग गर्न सकिन्छ ? एआई प्रयोगका सीमाहरू के छन् ? यसका चुनौतीहरूलाई कसरी सामना गर्ने ? एआई साक्षर नभई सुरक्षित, नैतिक र जिम्मेवार ढंगले एआई प्रयोग गर्न सकिँदैन । कुन गलत र कुन सही छुटचाउन पनि सकिँदैन । 'डिपफेक' जस्ता प्रविधिले सजिलै झुक्याउन सक्छ । एआई साक्षर भएपछि एआईद्वारा सिर्जित सूचनाको विश्लेषण गर्न सकिन्छ । त्यसैले एआई साक्षरता भनेको एआई प्रणालीहरूले कसरी काम गर्छन्, तिनीहरूले हाम्रो जीवनमा के र कसरी प्रभाव पार्छन् र एआईलाई सुरक्षित, नैतिक र प्रभावकारी रूपमा कसरी प्रयोग गर्न सकिन्छ भनेर बुझ्ने र एआईको विकासमा सहभागी हुनसक्ने क्षमता हो । एआई साक्षरता भनेको केवल प्रविधि सिक्नुमात्र होइन, यो एउटा जीवनोपयोगी क्षमता पनि हो । जसरी हामीले पढ्न-लेख्न सिकेपछि संसार बुझ्न सक्यौं । त्यस्तै, एआई बुझ्न सकेपछि हामी डिजिटल युगमा जिम्मेवार नागरिक बन्न सक्छौं ।

### एआई साक्षरता किन आवश्यक छ ?

एआई हाम्रो दैनिक जीवनमा प्रवेश गरिसकेको छ । दैनिक जीवनलाई सरल, सहज र द्रुत बनाउन, समय बचाउन एआई साक्षरता आवश्यक छ । एआई साक्षरताले गलत जानकारीबाट बचाउँछ । चाहिएका जानकारी छिनको छिनमै पाउन सकिन्छ । एआई प्रणाली पनि पूर्वाग्रही हुन सक्छन् त्यो थाहा पाउन पनि एआई साक्षर बन्न जरुरी छ । एआई साक्षर बनेपछि आफ्नो काम र करिअरमा अनेकौं नयाँ ढोका खोल्न सकिन्छ । एआई साक्षरताले नागरिकको सक्रियता बढाउँछ । एआई साक्षर भनेको डिजिटल लोकतन्त्रको आधार हो ।

### एआई साक्षर नबन्दा के हुन्छ ?

**१. रोजगारी गुमाउने खतरा र अवसरको वञ्चितताः** एआईले धेरै क्षेत्रका लाखौं रोजगारी खोस्ने त्रास बढेको छ । तर, वास्तविकता के हो भने एआईले रोजगारी खोस्दैन मात्र, त्योभन्दा कयौं गुणा बढी नयाँ रोजगारीहरू सिर्जना पनि गर्छ तर, त्यसका लागि एआई साक्षर हुनुपर्छ । एआई नजान्नेको जागिर जान सक्छ र नयाँ अवसरहरू नपाउने सम्भावना रहन्छ । भविष्यको श्रमबजारमा एआई साक्षरता एक आधारभूत योग्यता बन्ने छ ।

**२. शिक्षामा पछि परिनेः** विकसित देशहरूले एआईमा आधारित शिक्षण प्रक्रिया अपनाएर सिकाइ कार्यलाई कयौं गुणा प्रभावकारी बनाएका छन् । उनीहरूले विद्यालय तहदेखि नै एआई पाठ्यक्रम विकास गरेका छन् र विद्यार्थीहरूलाई नैतिकरूपमा एआई उपकरणहरू प्रयोग गर्न अनुमति दिएका छन्, जसले गर्दा उनीहरूको शिक्षाको स्तर उकासिएको छ । एआई साक्षर नबने सो अवसरबाट हामी वञ्चित बन्ने छौं र विश्व शैक्षिक प्रतिस्पर्धामा पछि पर्ने छौं ।

**३. सूचना र समाचारमा भ्रमः** भारत, पाकिस्तान र अमेरिकामा भएका चुनावहरूमा एआईले बनाएका 'डिपफेक' भिडियोका कारण हजारौं मानिस गलत समाचारले प्रभावित भए । एआई साक्षर नबन्दा कुन सही समाचार र कुन गलत हो भनेर छुट्याउन सकिँदैन । गलत सूचना र दुष्प्रचारले समाजलाई गलत दिशानिर्देश गर्ने छ । एआई साक्षरताले मात्र हामीलाई डिजिटल युगमा आलोचनात्मक सोचका साथ सूचनाको उपभोग गर्न सिकाउँछ ।

**४. प्रविधिको उपभोक्तामात्र बन्नेः** यदि हामी एआई साक्षर बन्न सकेनौं र एआईलाई पाठ्यक्रममै समावेश गरी युवा पुस्तालाई साक्षर बनाउने काममा लागेनौं भने हामी प्रविधिको उपभोक्तामात्रै बन्ने छौं, निर्माता र नीति निर्माता बन्ने अवसर कहिल्यै पाउने छैनौं । यसले राष्ट्रिय स्वायत्तता र आर्थिक विकासमासमेत नकारात्मक असर पार्ने छ ।

**नीति निर्माणः** एआईको विकास, नियमन र साक्षरतालाई प्रवर्द्धन गर्ने स्पष्ट राष्ट्रिय नीतिहरू निर्माण गर्नुपर्छ । यसमा डेटा गोपनीयता, नैतिक एआई प्रयोग र साइबर सुरक्षाजस्ता पक्षहरू समेटिनुपर्छ ।

अबको जमानामा अक्षरमात्र होइन, एआई बुझ्नु नै साँचो साक्षरता हुँदै छ । भविष्यमा एआई नजान्ने व्यक्तिलाई 'नयाँ अशिक्षित' का रूपमा हेरिने छ । हामी अहिलेदेखि नै नीतिगत ढंगबाटै एआई साक्षरता र एआईको विकासमा अघि नबढे भविष्यमा डिजिटल दासमात्र बन्नुपर्ने छ, डिजिटल नेतृत्व गर्न सक्ने छैनौं । 'हैट, एआई त नसिकी नहुने रहेछ !' भन्ने भावना हरेक नेपालीमा जागृत हुनुपर्छ, किनकि यही नै हाम्रो भविष्यको आधार हो ।

### के गर्ने त ?

एआई साक्षरता हासिल गर्न र यसको अधिकतम लाभ उठाउनका लागि निम्न कदमहरू चाल्नु अपरिहार्य छः

**विद्यालय तहदेखि नै साक्षरताः** प्राथमिक शिक्षादेखि नै एआईका आधारभूत अवधारणाहरू र यसको प्रयोगबारे पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

**युवा तथा व्यवसायी लक्षित तालिमः** विभिन्न पेसा र उमेर समूहका लागि एआईका उपकरणहरू प्रयोग गर्ने व्यावहारिक तालिमहरू सञ्चालन गर्नुपर्छ ।

**सार्वजनिक सचेतना अभियानः** एआईका फाइदा, जोखिम र नैतिक प्रयोगबारे जनचेतना फैलाउने अभियानहरू सञ्चालन गर्नुपर्छ । यस प्रकार कम्तीमा एआई साक्षर बन्न र बनाउन ढिला गर्नु हुँदैन । *रासस*

# राजावादी आन्दोलनको सान्दर्भिकता



■ डा. महेन्द्रबहादुर कार्की

देश चलाउन नजान्ने, देशको माया नभएका, जनताको माया नभएकाको हातमा देश पर्न गएकोले देश चिन्ताजनक अवस्थामा छ । देशका होनाहार युवालाई विदेसिन बाध्य यिनैले पारेका हुन् । देशमा उधोगधन्दा, व्यापार व्यवसाय, आम्दानीका स्रोतहरू सुक्दै गएको अवस्था छ । देशका शिक्षित वर्गले अनुभव र पढेर सिकेका विषय विदेशमा प्रयोग गरिरहेका छन् । देशमा कुनै कलकारखाना उद्योगधन्दा नभएकाले शिक्षित जनशक्तिले आफूले सिकेका सीप स्वदेशमा प्रयोग गर्न पाएनन् ।

नेताहरू विदेशीको इशारामा चलिरहेका छन् । वैदेशिक नीति समान देखिँदैन । दुई देशको तरुलको रूपमा वसेको सानो देशलाई ठूला देशले थिचोमिचो गरिरहेको अवस्था छ । राजनीति दलका प्रमुख नेताहरू देशको मायाभन्दा विदेशी दलाली गरेर पैसा आर्जन गर्ने धन्दामा लागेको देखिन्छ । विभिन्न सामाजिक संघ संस्था, अदालत, प्रहरी प्रशासन, विभिन्न कार्यालयहरूलाई मुठ्ठीमा राखेर प्रमुख नेताहरूले विभिन्न आफू अनुकूल निर्णय गराइरहेका छन् । राज्यका विभिन्न क्षेत्रहरू विचौलियाको हातमा चलेको छ । न्याय पाउने ठाउँमा न्यायका लागि अनुरोध गर्न जाँदासम्म आर्थिक चलखेल हुन्छ । त्यसैले गरिब जनता न्यायिक क्षेत्रबाट विमुख हुनुपर्ने अवस्था छ ।

देशमा भ्रष्टाचार भइरहेको बेला, जनताले आँशु बगाइरहेको बेला, बिचौलियाहरू अझ मजबुत् भएको बेला, गरिब जनताले न्याय नपाएको बेला, विकास निर्माण ठप्प भएको बेला, विदेश सम्बन्ध बिग्रँदै गएको बेला पूर्वराजा ज्ञानेन्द्र शाह सक्रिय हुनु अनिवार्य भइरहेको थियो । अहिले सक्रिय हुनुभयो । यो जनतालाई चित्त बुझिरहेको छ ।

वास्तवमा भन्नुपर्दा पृथ्वीनारायण शाहले बाइसे चौबिसे राज्यलाई जोडेर नेपाल निर्माण गरेको सबैलाई सर्वविविदै छ । पृथ्वीनारायण शाहको आफ्नै सन्तान हो, पूर्वराजा ज्ञानेन्द्र । आफ्नो बाबु बाजेले आर्जन गरेको देश बिग्रिन लाग्दा उहाँ सक्रिय हुनु स्वाभाविक हो ।

अब गणतन्त्रका नेताहरूको हातबाट सत्ता खोस्ने दिन आउँदै छ । राजसंस्था नफर्किने कुरै छैन । अब हाम्रो आन्दोलन निर्णायक रूपमा अघि बढ्दै छ । जनताले चाहे भने कुनै पनि बेला राजसंस्था फर्किने छ । राजसंस्था पुनःस्थापित नगरी हाम्रो आन्दोलन रोकिँदैन । पूर्वराजाले इमानदारीपूर्वक जनधनको क्षति नहोस् भनेर त्यतिबेला राजगद्दी त्याग्नुभएको हो । अब त्यसरी नै शान्तिपूर्ण रूपमा दलहरूले श्रीपेच फिर्ता दिनुपर्छ ।

राप्रपा स्थापनाकालदेखि राजावादी र हिन्दूवादी पार्टी हो । अरु खोलिएका पार्टीहरूले केही गर्ने सक्दैनन् भन्ने बुझेर नै हाम्रो विधानमा पनि यही कुरा उल्लेख गरिएको हो । अब हामी हिन्दू राज्य र राजसंस्था पुनःस्थापना गर्न सडक र सदनबाट आन्दोलित भइरहने छौं । हाम्रो सम्पूर्ण सम्यन्त्र आन्दोलनमुखी बनाइरहेका छौं । त्यतिबेला जनताको बलमा गणतन्त्र आयो । अब जनताकै बलमा राजासहितको प्रजातन्त्र बहाली हुँदै छ । गणतन्त्र देश र जनताको हितमा थिएन भन्ने कुरा अहिले पुष्टि भएको छ । त्यसैले राप्रपाले टोल-टोल, वडा-वडा, क्षेत्र-क्षेत्र र जिल्ला-जिल्लाका जनतालाई राजसंस्थाबारे बुझाउँदै आएको छ ।

गणतन्त्रवादीहरूले गणतन्त्र आएको यो १८ वर्षे अवधिमा के गरे ? काण्डै काण्डमा मुछिएका छन् । जानेसम्म बुझेसम्म लगातार देश लुटिरहेका छन् । यो कुरा अब जनताले बुझिसकेका छन । जनता अहिलेभन्दा त देश राजा हुँदा राम्रो थियो भनिरहेका छन् । अधिकांश जनताको यही अभिमत छ । गाउँका गरिब जनता दुई छाक खान नपाएर रोइरहेका छन् । नुन पाएका छैनन् तेल पाएका छैन, चामल पाएका छैनन् । गरिब जनताको सेवा गर्छ भनेर आएका गणतन्त्रवादीले महल ठहराए, चप्पल लगाएर हिँड्ने नेताहरू पजेरोमा हिँड्छन् । यस्तो अवस्थामा राजसंस्था पुनर्वहाली गर्न हामीले गरिरहेको आन्दोलन गरिबका लागि हो, सबै जनताका लागि हो । हिजोको अवस्था अब छैन । देश विकास गर्न, देशमा शान्ति सुशासन ल्याउन राजसंस्था चाहिन्छ । हाम्रो आन्दोलन यसैमा केन्द्रित छ । यो निर्णायक आन्दोलन बन्ने छ ।

*(लेखक राप्रपाका केन्द्रीय सदस्य हुन्)*



**बागलुङ-बेनी सडक**

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक बागलुङ–बेनी सडकअन्तर्गत बेनी नगरपालिका–२ खबराको भसभसेमा सडक मर्मत गरिँदै । सडक डिभिजन कार्यालय बागलुङमार्फत करिब एक करोड ७० लाख रुपैयाँ लगानीमा निर्माण भइरहेको संरचना म्याग्दी र कालीगण्डकीको कटानको जोखिममा रहेकाले दिगोपनामा प्रश्न उठेको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# व्यवस्थापनको कमजोरीले निगौल गाई गौशाला लथालिंग

■ **गोपालप्रसाद बराल**

**महोत्तरी–** छिमेकी भारतको पुरानो दरभंगा राज्यका महाराज रामेश्वर सिंहको नासो महोत्तरीको गौशालास्थित निगौल गाई गौशाला अहिले लथालिंग बनेको छ । साधन स्रोत भएर पनि त्यसको कुशल व्यवस्थापन नहुँदा एक समयको साख मानिने गाई गौशालाको अवस्था अहिले नाजुक बनेको हो ।

वि.सं. १९८३ तिर तत्कालीन दरभंगा महाराज रामेश्वर सिंहले २०० बिघा जग्गा र एक हजार ५०० लैना गाईको व्यवस्थापन गरेर नेपाल सरकारलाई जिम्मा लगाएका निगौल गाई गौशाला अहिले भद्रगोल बनेको छ । दरभंगा महाराजले आफ्ना प्रतिनिधि ब्रह्मदेव ठाकुरमार्फत गौशाला सञ्चालनको प्रबन्ध नेपाल सरकारलाई सुम्पेका थिए । त्यसयताका १०० वर्षमा यसको विकासको सट्टा अधोगति हुँदै जाँदा अब निगौल गाई गौशाला अस्तित्व धान्न नसक्ने अवस्थामा पुगेको छ ।

जग्गा, बजार, गोठ एवं पक्की कार्यालय भवनसहितका साधन स्रोत भए पनि यी गौशालाको हितमा प्रयोग नभएपछि संस्थाको अवस्था खस्कँदै गएको गौशाला-९ डुमरवानाका ६५ वर्षीय शिवशरण राय बताउँछन् ।

कहिलेकाहीँ सरकारका मन्त्री, विभिन्न निकायका प्रमुख र जनप्रतिनिधि पुगेर अब यो फेरिन्छ भन्ने गरेका कुरा अब यहाँका बासिन्दाका लागि पत्यारिलो हुन छाडेको छ । पछिल्लोपटक गत माघ मसान्ततामा अहिलेका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गौशालाको स्थलगत अवलोकन गरेर यसको दीर्घकालिक समाधानका लागि पहलकदमी लिइने बताएको यहाँका बासिन्दा सम्झन्छन् ।

स्थापनाकालदेखि नै तत्कालीन सरकारले यसको रेखदेख र व्यवस्थापन त्यतिखेरका बडाहाकिमलाई तोकेको थियो । पछि अञ्चलाधीश र २०४७ यता जिल्ला प्रशासन कार्यालयको जिम्मेवारीमा रहने व्यवस्था २०६८ सम्म रह्यो । त्यसयता राष्ट्रिय सहकारी विकास बोर्ड अभिभावकत्वको यो संस्था अब राष्ट्रिय सहकारी नियमन प्राधिकरणअन्तर्गत रहने प्रस्ताव छ । खासमा जिल्लामा सरकारका मुख्य प्रतिनिधिका हैसियतमा प्रमुख जिल्ला अधिकारी गाई गौशाला सञ्चालक बोर्डको अध्यक्ष रहने प्रावधान हटेपछि स्थानीय रूपमा अभिभावकत्व गर्ने कोही नहुँदा यहाँको मनपरि झन् बढेको गौशालाका स्थानीय बताउँछन् ।

गौशाला र निगौलमा गरी छवटा गोठमा भरिभराउ रहने गाई अहिले तीनवटा गोठमा खुम्चिएका छन् । २०६८ सालसम्म यहाँ गाईको संख्या झण्डै ५०० को हाराहारीमा रहेकामा अहिले यो संख्या १०० मुनि खुम्चेको छ । 'गाईले राम्ररी खान पाएका छैनन्,' गौशाला नगरप्रमुख डा. दीपेन्द्र महतो भन्छन्, 'संघीय सरकारले यसको निदानमा पहिलो तत्परता देखाउनपर्छ ।' निगौल गाई गौशालासँग भएको जग्गाको वैधानिक स्वामित्व, गोठ र भवनहरूसहितका संरचना व्यवस्थित गर्नसके यो ठाउँ धार्मिक पर्यटन र आर्थिक उपार्जनका लागि उर्वर बन्नसक्ने आफूसँग कार्ययोजना रहेको डा. महतोको भनाइ छ ।

नगरप्रमुख महतोले स्वामित्वसहितको जिम्मेवारी दिन अड्चन भए व्यवस्थापनको जिम्मामात्र दिए पनि नगरपालिकाले यसको सम्भार गर्ने प्रतिबद्धता जनाएको बताए । निगौल गाई गौशाला सञ्चालनका लागि अहिले पनि श्रेस्तामा १४८ बिघा जग्गा छ । गौशाला दरभंगा महाराजबाट उपहारमा प्राप्त नासो भएकाले यसको अतिक्रमित जग्गा स्वामित्वमा फर्काउन संकल्पसहितको योजना चाहिने गौशाला-२ निगौलकै बासिन्दा रहेका महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी बताउँछन् ।

यता गौशालाका सर्वसाधारण गाई गौशालाको पूर्वस्थिति फर्काउन तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी हुनपर्नेमा उनको जोड छ । गौशालामा अहिले पनि राष्ट्रिय सहकारी बोर्डले पठाएका ज्यालादारीसहित ३० जना कर्मचारी छन् । आफू २०७९ साउनमा जिम्मेवारीमा आउँदा ७० लाखभन्दा माथि रहेको कार्यालयले तिर्नुपर्ने बक्यौता खेतीपातीबाटै भएको आम्दानीबाट तिरेर २४ लाखमा झारेको अहिलेका कार्यालय प्रमुख वीरबहादुर चौधरी भन्छन्, 'तर आर्थिक अवस्था भने फेरिएको छैन ।'

यता गौशालाले पाउनुपर्ने रकम नआएको उनको गुनासो छ । गौशालाले पोखरी ठेक्का र बाली ठेक्काबाट ७९ लाख करिब पाउनुपर्ने रकम ठेकेदारबाट नपाउँदा आर्थिक समस्या झेल्नुपरेको चौधरीले बताए । गाई गौशालाको नाउँमा १४८ बिघा जग्गामध्ये राजनीतिक क्षेत्रबाट संरक्षित व्यक्तिहरूबाट झण्डै ५० बिघा जति अतिक्रमणको चपेटामा परेको जनाइएको छ । यो अतिक्रमण गरिएका जग्गामा घर ठडिएका छन् । जग्गामध्येमा १० बिघामा गाई गोठ, नौ/नौ बिघामा पोखरी र फूलबारी र करिब ५६/५७ बिघाजति खेतीयोग्य जग्गा छ । गाई गौशालाको जग्गामध्ये तीन बिघामा गौशाला नगरपालिकाले पशु हाट लगाउँदै आएको छ । *रासस*

# सडक स्तरोन्नति गर्न माग

**पाल्पा (प्रस)–** निस्दी गाउँपालिकाका युवाले सडक स्तरोन्नति गर्न माग गरेका छन् । यसका लागि उनीहरूले गाउँपालिकाको कार्यालयमा अगाडि प्रदर्शनसहित धर्ना दिएका छन् ।

लुम्बिनी र गण्डकी प्रदेशलाई जोड्ने रामपुर बेलडाँडा, ढुंगानाबैँसी, मित्याल अरुणखोला सडकखण्डअन्तर्गत पर्ने सडक समयमा नै स्तरोन्नति नहुँदा आवातजावत गर्नेले सास्ती भोग्नुपरेको छ । नवलपुर क्षेत्रको भागमा सडक स्तरोन्नति सम्पन्न भइसकेको छ भने पाल्पा खण्डका भागमा स्तरोन्नतिको काम भएको छैन ।

करिब पाँच दशकअघि नक्सा तयार भएर सडक मार्ग (ट्र्याक) खुलेको लामो समय भइसक्दा पनि स्तरोन्नतिको काम हुनसकेको छैन । सो सडकखण्ड भएर यात्रा गर्ने यात्री तथा स्थानीयवासीले झमेला बेहोर्नुपरेकाले सडक स्तरोन्नति छिटो गर्न माग गर्दै गाउँपालिका कार्यालयलाई ध्यानाकर्षण गराएको युवा कमल सारुले बताए ।

'निस्दीलाई विकास भीरमाथिको फल बन्यो, निस्दीलाई उपहार धुलो र हिलो, सडक स्तरोन्नतिमा किन ढिलो, जनतालाई सास्ती भो'जस्ता लेखिएका प्लेकार्डसहित युवाले कार्यालयमा धर्ना दिएका हुन् । आगामी बजेटबाट सरकारले यस सडकखण्डलाई प्राथमिकता दिएर स्तरोन्नतिको काम गर्नुपर्ने युवाको माग छ ।



निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुका अनुसार यो सडक संघ सरकारको मातहतमा रहेकाले प्रदेश र गाउँपालिका आफैंले खर्च गर्न नपाउने हुँदा स्तरोन्नतिको काम नभएको हो । दुई प्रदेशलाई जोड्ने सहज पहुँचमार्गको सडक स्तरोन्नति गर्न संघीय सरकारले पर्याप्त बजेट विनियोजन नगर्दा समस्या भइरहेको छ । सडकखण्डलाई प्राथमिकतामा राखेर संघीय सरकारले बजेट उपलब्ध गराउनुपर्छ ।

उनले सम्बन्धित निकायमा जानकारी गराउने र छिटोभन्दा छिटो सडक स्तरोन्नतिको माग गर्ने जानकारी दिए । सडक स्तरोन्नतिका सम्बन्धमा जनस्तरबाट सरोकारवाला निकाय तथा व्यक्तिलाई पटक-पटक ध्यानाकर्षणपत्र बुझाउँदा पनि समयमै दिगो र प्रभावकारी काम हुन नसक्दा स्थानीय, यात्री तथा व्यवसायीले कष्टसँग यात्रा गर्न बाध्य बनेका छन् ।

क्षतिग्रस्त सडकखण्डको तत्काल अनुगमन गरी मर्मतसम्भार, उचित ढल निकास गर्दै सडकको दीर्घकालीन स्तरोन्नति र उपयुक्त समय सीमा निर्धारण, बाह्रै महिना सडक सञ्चालन गर्न नियमित मर्मत, आगामी बजेटबाट यस सडकखण्डलाई विशेष महत्त्वका साथ पर्याप्त बजेट विनियोजन, काममा भइरहेको ढिलासुस्ती, लापरवाही र अनियमितताका सम्बन्धमा पालिकाबाट नियमित अनुगमन तथा निगरानी गर्न युवाहरूले ध्यानाकर्षणपत्र गाउँपालिकामा बुझाएका छन् ।

# फोहोरलाई मोहोर बनाउन अग्रसर बिपी कोइराला क्यान्सर अस्पताल

**चितवन–** यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट निस्केका फोहोरलाई पर्यावरणमैत्री रूपमा व्यवस्थापन गर्दै आइएको छ । अस्पतालले फोहोरको स्रोतमा नै वर्गीकरण गरी दुई प्रविधि र अन्य विधि प्रयोग गरेर व्यवस्थापन गर्दै आएको छ ।

अस्पतालले पुनः प्रयोग हुने वस्तुलाई अलग्गै, कुहिने वस्तुबाट बायोग्यास, माइक्रोवेभ टेक्नोलोजीसहितको स्रेडिङ मेसिनबाट फोहोरलाई घटाएर निःसंक्रमित बनाउने गरेको अस्पतालका बायोमेडिकल इन्जिनियर रूपेश मिश्रले जानकारी दिए । उनका अनुसार अस्पतालको फोहोर व्यवस्थापन प्रणालीमा मुख्यतया दुईवटा प्रविधि प्रयोग गरिएको छ । बायोग्यास प्लान्टबाट वार्डहरूबाट निस्कने खानाका फोहोरलाई कुहाएर बायोग्यास उत्पादन गरिन्छ ।




माइक्रोवेभ टेक्नोलोजीसहितको स्रेडिङ मेसिन अस्पतालको बायोमेडिकल फोहोर प्रशोधन गर्ने मुख्य उपकरण हो । अस्पतालबाट निस्कने सिसा, धारिलो वस्तु (निडल, सर्जिकल ब्लेड), कपडाका टुक्रा र प्लास्टिकजस्ता सबै प्रकारका फोहोर मिसाएर राख्न सकिन्छ । यो मेसिनको क्षमता २५० लिटर रहेको उनले जानकारी दिए । मिश्रले भने, 'यसले करिब ३० मिनेटमा फोहोरलाई प्रशोधन गर्छ । मेसिनभित्र रहेको स्रेडर ब्लेडले फोहोरलाई सानो टुक्रा बनाउँछ र सँगै रहेको इन्टिग्रेटेड माइक्रोवेभ टेक्नोलोजीले यसलाई स्टेरिलाइज (निसंक्रमण) गर्छ ।'

प्रशोधनपछि निस्कने फोहोर चिन्न नसकिने धुलोको टुक्रा हुने गर्छ । यस प्रक्रियाबाट फोहोरको आयतन ८५ प्रतिशत र तौल २५ प्रतिशतसम्म घट्ने उनले जानकारी दिए । यो प्रविधि पुराना इन्सिनेरेटरको तुलनामा वातावरणीय रूपमा बढी सुरक्षित मानिएको उनको भनाइ छ ।

माइक्रोवेभ टेक्नोलोजी आफैंमा सुरक्षित भएकाले यसले वातावरणीय प्रदूषण नल्याउने उनले बताए । मेसिनबाट निस्कने बाफलाई समेत हेपा फिल्टरमार्फत शुद्ध पारेर मात्र वातावरणमा छाड्ने गरिएको छ ।

अस्पतालबाट दैनिक ४० देखि ६० किलो फोहोर संकलन हुने गरेको छ । यो फोहोरलाई रङअनुसार डस्टबिनमा वर्गीकरण गरी माइक्रोवेभ मेसिनमा प्रशोधन गरिन्छ । वार्डहरूबाट फोहोर संकलन गर्ने बेलादेखि नै कलर कोडिङअनुसार (रातो, हरियो डस्टबिन) फोहोर छुट्याइन्छ । त्यसपछि संकलनस्थलमा ल्याएर थप सेग्रिगेसन गरिन्छ र प्रशोधनका लागि पठाइन्छ । कर्मचारीहरूका लागि पञ्जा, मास्क, हेल्मेट, गमबुट र छुट्टै पोसाकसहित आवश्यक सुरक्षा उपकरण उपलब्ध गराइएको उनले बताए । यद्यपि फोहोर व्यवस्थापनमा प्रत्यक्ष संलग्न कर्मचारीलाई निरन्तर एउटै काममा खटाउनुको सट्टा हरेक छ महिनामा जिम्मेवारी परिवर्तन (रोटेसन) गर्नेबारे पनि अस्पताल व्यवस्थापनले विचार गर्नुपर्ने उनको भनाइ छ ।

अस्पतालजन्य फोहोर व्यवस्थापन राज्यकै लागि चुनौतीपूर्ण रहेको अवस्थामा क्यान्सर अस्पतालले फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने कोसिस गरिरहेको अस्पतालका कार्यकारी निर्देशक शिवजी पौडेलले जानकारी दिए । अस्पतालले फोहोर व्यवस्थापनलाई अझ व्यवस्थित बनाउन र यसबाट आम्दानीसमेत गर्न 'फोहोरबाट मोहोर' कार्यक्रमको प्रक्रिया अगाडि बढाएको उनले बताए । यसअन्तर्गत प्रशोधन गर्न मिल्ने वस्तु बिक्री गर्ने योजना रहेको र यसका लागि भरतपुर महानगरबाट बोलपत्र आह्वान गरिसकेको र सम्झौता गर्ने प्रक्रियामा रहेको कार्यकारी निर्देशक डा. पौडेलले जानकारी दिए ।

उनका अनुसार वातावरणीय प्रदूषणले क्यान्सरजस्ता रोगको जोखिम बढाउँछ । क्यान्सरजस्ता रोग आन्तरिक कारणले करिब १५ प्रतिशत हुने भए पनि कीटनाशक औषधि, दूषित वातावरण र अन्य बाह्य कारणले क्यान्सर हुने सम्भावना बढी हुने भएकाले फोहोरको उचित व्यवस्थापन महत्त्वपूर्ण विषय रहेको उल्लेख गर्छन् ।

अस्पतालले हालको फोहोर व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्न तरल (लिक्विड) फोहोर व्यवस्थापनका लागि पनि छुट्टै प्लान्ट राख्ने योजना रहेको उनले बताए । अस्पतालले हाल अस्पातलबाट निस्कने पानीको फोहोरलाई नर्कट प्रणाली र साना ढुंगाहरूको प्रयोगबाट शुद्धीकरण गरिन्छ । शुद्धीकरणपछिको पानी पर्यावरणमैत्री रूपमा बाहिर निकालिने कार्यकारी निर्देशक पौडेलले बताए । *रासस*


**कनकाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जामुनबारी, झापा**

**अनलाइन बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८**

यस नगरपालिकाको तपशिल बमोजिमको निर्माण कार्य संचालन गर्नका लागि बोलपत्र आह्वान गरिएको छ । बिस्तृत सूचना, शर्तहरु तथा बोलपत्र फारम www.bolpatra.gov.np/egp मा राखिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/२७ मध्यान्ह १२ बजेभित्र तथा बोलपत्र खुल्ने मिति २०८२/०३/२७ दिउँसो १२:३० बजे ।

| सि नं. | बोलपत्रको बिवरण | ल.इ. रकम भ्याट सहित | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १ | नगर प्रहरी ब्यारेक निर्माण Kanakai/NCB/Works/10/081-82 | रू ८१,९३,३५९.६५ | रू २,००,०००.०० | रू ३,००,०००.०० |



**मण्डनदेउपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

**वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनको प्रस्ताव उपर सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

**(प्रकाशन मितिः २०८२/०२/२८)**

बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/न.पा./वडा नं. |
|---|---|
| नगरपालिका क्षेत्राधिकार भित्र बग्ने इन्द्रावती नदीको विभिन्न वगर क्षेत्रबाट दिगो र वातावरण मैत्री रूपले नदीजन्य पदार्थहरूको उत्खनन | काभ्रेपलाञ्चोक, मण्डनदेउपुर न.पा.वडा नं. ७,९,१० र १२ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार भैरहेको र बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ परिच्छेद-२ को दफा ३(४) बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरूप निम्न लिखित मिति, समय तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरूलाई उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आफ्नो राय-सुझाव लिखित तथा मौखिक रूपमा दिनुहुनका लागि सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

मितिः २०८२/०३/०१, समयः दिउँसो २ बजे
स्थानः मण्डनदेउपुर नगरपालिका, महादेवस्थान, काभ्रेपलाञ्चोक, नेपाल

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| मण्डनदेउपुर नगरपालिका, महादेवस्थान, काभ्रेपलाञ्चोक इमेलः mandandeupurmun@gmail.com फोन न. ०११-४१२११३, ४१२११४ | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि., काठमाडौं इमेलः ghrc018@gmail.com फोन नं.: ९८५१२०३४५३ |

प्रभाव दैनिक

बुधबार, २८ जेठ, २०८२ (Wednesday, June 11, 2025)

रूपशाला

## 'महाभोज' पोखरामा प्रिमियर

दिनेश राउतको निर्देशन रहेको फिल्म 'महाभोज'को सोमबार पोखरामा प्रिमियर गरिएको छ । प्रिमियरमा चलचित्रका कलाकारहरु आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, बुद्धि तामाङ, निर्देशक दिनेश राउत र निर्माता हिमाल कडरिया लगायत सहभागी थिए । अतिथिको रुपमा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, प्रमुख जिल्ला अधिकारी दुर्गादेवी शर्मा, केही सहकारी पीडितहरु, विभिन्न क्षेत्रका व्यक्तित्वहरुको उपस्थिति थियो । फिल्म हेरेपश्चात् दर्शकले कथा, प्रस्तुति शैली र कलाकारहरुको अभिनयको प्रशंसा गरेका छन् ।



# 'वर्षमा एउटा चलचित्रमा काम गर्छु'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता राजेश हमालले वर्षमा एउटा चलचित्रमा काम गरी कलाकारिता क्षेत्रमा नै रमाउने बताएका छन् । सोमबार साँझ ६१औं जन्मदिनको अवसरमा 'युगदेखि युगसम्म' पुस्तक अनावरण कार्यक्रममा अभिनेता हमालले वर्षमा एउटा चलचित्र लिएर दर्शकसम्म पुगी यसै क्षेत्रमा रमाउने चाहना रहेको बताए ।

उनले भने, 'केही वर्ष म चलचित्रबाट हराएँ । किनकि मैले खोजेको जस्तो विषयवस्तु र निर्माण समूहसँग जोडिन पाएको थिइन्, तर अब वर्षमा एउटा चलचित्रमा काम गर्ने सोच बनाएको छु । म जति समय काम गर्छु, एउटा चलचित्र वर्सेनि दर्शकसम्म पुगोस् भन्ने चाहना छ, यद्यपि त्यसका लागि राम्रो विषयवस्तु चाहिन्छ ।'

उनले आउँदो वर्ष पुनः नयाँ चलचित्र लिएर दर्शकसमक्ष पुग्ने बताए । 'अहिले प्रदर्शनरत चलचित्र 'नरसिंहा अवतार' का क्रममा दर्शकसँग भेटघाट गर्दा पनि उहाँहरूको इच्छा चलचित्रबाट गायब नभइदिएहुन्थ्यो भन्ने पाएँ । सोही कारण पनि नयाँ चलचित्रको तयारी गरिरहेको छु, तर हतार गरेर काम गर्ने पक्षमा भने म छैन', अभिनेता हमालले भने ।

पुस्तकका विषयमा जानकारी दिँदै उनले ३५ वर्ष लामो कलाकारिता यात्रामा सार्वजनिक नभएको व्यक्तिगत जीवन, परिवार एवं समाज र अन्य विभिन्न विषयलाई समेटिएको जानकारी दिए । उनले आठ वर्षपछि अभिनय गरेको चलचित्र 'नरसिंहा अवतार' यही जेठ ९ गतेदेखि नेपालभर प्रदर्शन भइरहेको छ ।

# 'मिरमिरे'मा प्रकाश सपुतको इन्ट्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'मिरमिरे'मा अभिनेता प्रकाश सपूत अनुबन्ध भएका छन् । अभिनेता दयाहाङ राईपछि प्रकाश यो चलचित्रमा भित्रिएका हुन् । 'मिरमिरे'बाट प्रकाश र दयाहाङले पहिलो पटक सहकार्य गर्ने भएका छन् । अन्य कलाकारबारे हालसम्म यो टिमले जानकारी दिएको छैन । 'हामी कलाकारसँग सम्झौताकै क्रममा छौं । केहीसँग कुरा भइरहेको छ,' निर्देशक यम शेर्पाले भने, 'हामी अहिले बजारले रुचाएका र अभिनयमा पक्कड भएका कलाकारलाई नै लिएर काम गर्नेछौं ।'

प्रकाश यो चलचित्रमा अभिनेताका रूपमा मात्रै रहनेछन् वा सांगीतिक पाटोमा पनि जोडिनेछन् भन्नेबारे खुलाइएको छैन ।

अभिनेता प्रकाश सपूतले 'मिरमिरे'मा जोडिन पाउँदा खुसी व्यक्त गरे । आफ्नो भूमिका विशेष र महत्त्वपूर्ण रहेको बताउँदै उनले यस चलचित्रले आफूलाई नयाँ उचाइ दिने विश्वास व्यक्त गरे ।

यार्सा फिल्म्सको प्रस्तुति रहने चलचित्रले ग्रामीण परिवेशको सामाजिक कथा भन्ने निर्देशक यमले जानकारी दिए । चलचित्रको निर्देशनसँगै स्टोरी पनि यम शेर्पा स्वयंले लेखेका छन् । निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको 'मिरमिरे'का सह-निर्मातामा गोविन्द बोहरा र ईश्वर श्रेष्ठ छन् । यो चलचित्रको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालक समेत रहेका चलचित्र वितरक रोहित कट्टेल रहेका छन् ।

'मिरमिरे'लाई २०८२ मा रिलिज हुनेछ । प्रदर्शन मिति भने तय भएको छैन । चलचित्रलाई आरआर फिल्मसले वितरण गर्नेछ ।

# टिजरमा सारा शर्माको डेब्यू फिल्म 'मोहर'



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउनको २३ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'मोहर'को टिजर सार्वजनिक भएको छ । निर्माणपक्षले ओएसआर डिजिटलको च्यानलबाट फिल्मको १ मिनेट १८ सेकेन्ड लामो टिजर सार्वजनिक गरेको हो ।

सार्वजनिक टिजरले नलेखिएको नियमको कथा बोल्छ । फिल्ममा 'देउकी'को कथालाई उल्लेख गरेको टिजरबाट बुझ्न सकिन्छ । सार्वजनिक टिजरमा नायक पल शाहको दोहोरो अवतार देख्न सकिन्छ । पल लामो र छोटो कपालमा देखिएका छन् ।

लामो कपाल पालेका पलको कथा नायिका बेनिशा हमाल र बाल-कलाकार सारा शर्मासँग जोडिएको छ । यस्तै, कपाल छोटो पालेका पलको कथा नायिका नीति शाहसँग जोडिएको छ ।

फिल्म मेकर्स प्रा.लिको प्रस्तुतिमा तयार भएको फिल्मका निर्माता चुम्बन जंग शाही हुन् । ओम प्रतीकको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा पल शाह, अर्जुन जंग शाही, बेनिशा हमाल, नीति शाह, मिथिला शर्मा, रवीन्द्र झा, लक्ष्मी गिरी, मिस पबी, सुशील देवकोटा, लक्ष्मीनाथ तिमिल्सिना, सिद्धार्थ सिंह, माधव दत्त पण्डित, गीता थापा, नवीन खतिवडा र बाल-कलाकार सारा शर्माको मुख्य भूमिका छ ।

कुमार महर्जनको एक्सन रहेको फिल्ममा कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी, समीर मियाको भीएफएक्स, सत्यम रानाको सीजीआई, सुरेश अधिकारी, थानेश्वर गौतम र एसडी योगीको संगीत, भूपेन्द्र अधिकारीको सम्पादन, दिपेन बस्न्यातको डिओपी छ ।



# खेलकुद अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित हुँदै गएको छ : दाहाल

■ प्रभाव संवाददाता



**कास्की–** पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल नेपाली खेल क्षेत्र निकै विकसित हुँदै गएको बताएका छन् ।

नेपाल स्पोर्ट्स एकेडेमीको आयोजनामा मंगलबारदेखि पोखरामा सुरु भएको 'प्रचण्ड कप' राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुद राष्ट्रिय एकता र अन्तरराष्ट्रिय भाइचारा अभिवृद्धिको समेत प्रतीक बनेको बताए ।

अध्यक्ष दाहालले आफ्नो प्रधानमन्त्रीकालमा खेल क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर नीति तथा योजना कार्यक्रम बनाउने पहल गरेको स्पष्ट पारे । अध्यक्ष दाहालले भने, 'नेपाली खेल क्षेत्र विकसित हुँदै गएको छ । मैले नीतिगत मात्र होइन खेलकुद क्षेत्रको नेतृत्वमा सफल व्यक्तिहरू ल्याएका कारणले अहिले नेपाली खेल राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा निकै स्थापित भएको छ ।'

उनले नेपाली खेलाडीहरूले विस्तारै अन्तरराष्ट्रिय प्रतियोगितामा पदकको वर्षा गर्ने गरेको र अहिले नेपालमा ऐन कानुनले पनि खेलाडीको जीवनलाई सुनिश्चित गर्ने पहल भएको बताए । अध्यक्ष दाहालले आफू दोस्रो पटक प्रधानमन्त्री भएका बेलामा भलिबललाई मन्त्रिपरिषद्बाट राष्ट्रिय खेल घोषणा गरेको स्मरण गर्दै उनले त्यसपछि देशभित्र भलिबल खेलको महत्व अझ बढेको उल्लेख गरे ।

'नेपालको भूगोल, संस्कृति, हावापानी र नेपालीजनसँग मेल खाने खेल भएकाले मन्त्रिपरिषद्बाट निर्णय गरेको गरिएको हो । त्यसपछि भलिबलको मान्यता राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रमा बढेको र पदक जित्ने सुरुआत भएको हो', दाहालले भने ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले खेलाडीले खेल खेलेरै आफ्नो जीवन निर्वाह गर्ने वातावराण् बनेको बताए । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पोखरामा निरन्तर भइरहेका विभिन्न खेलकुदका प्रतियोगिताका कारणले पोखरा भ्रमण वर्ष २०२५ सफल बनेको बताए ।

आयोजक नेपाल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दीपक कोइरालाले भलिबल खेललाई अझ लोकप्रिय बनाउने र राष्ट्रियस्तरको प्रतियोगितामार्फत महिला खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको बताए ।

अखिल नेपाल खेलकुद महासंघका अध्यक्ष शिव कोइरालाले महासंघले वर्षभरिनै बृहत् खेलकुद महोत्सवका रूपमा विभिन्न खेलकुदका प्रतियोगिता सञ्चालन गरिरहेको जानकारी दिए ।

यही जेठ ३१ गतेसम्म पोखरा रंगशालाभित्रको बहुउद्देश्यीय कभर्ड हलमा सञ्चालन हुने प्रतियोगितामा नेपालका प्रमुख क्लब तथा टिमहरू सहभागी छन् । प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लब, एपीएफ क्लब, गण्डकी प्रदेश टिम, एभरेष्ट भलिबल क्लब, न्यू डायमण्ड युथ स्पोर्ट्स क्लब र स्टेप रामपुर गरी छ टोलीको सहभागिता रहेको छ । प्रतियोगिता लिग तथा नकआउट चरणमा सञ्चालन गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको च्याम्पियन टोलीले रु छ लाख, उपविजेताले रु तीन लाख, र तेस्रो हुने टिमले रु एक लाख पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी उत्कृष्ट खेलाडीले रु २० हजार, तथा विभिन्न विधागत उत्कृष्ट खेलाडीहरूले जनही रु १० हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् ।

## एएफसी एसियन कप

# नेपाल लाओससँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी एसियन कप छनोटअन्तर्गत तेस्रो चरणको दोस्रो खेलमा नेपाल घरेलु टोली लाओससँग पराजित भएको छ । न्यु लाओस राष्ट्रिय रंगशालामा सम्पन्न खेलमा लाओससँग नेपाल २-१ गोलअन्तरले पराजित भएको हो । अन्तरराष्ट्रिय फुटबल प्रतियोगितामा नेपाल लाओससँग पहिलो पटक पराजित भएको हो ।

लाओसको जितमा दामोथ थोङखामसाभाथ र पिटर पान्थावोङले समान एक एक गोल गरे । नेपालविरूद्ध लाओसले खेलको १३औं मिनेटमा पहिलो अग्रता लियो । लाओसका लागि दामोथले गोल गरे । त्यसपछि खेलको दोस्रो हाफ सुरु भएको चौथो मिनेटमा नेपालले दोस्रो गोल खायो । लाओसका पिटरले गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए ।

खेलमा २-० गोलले पछि परेको नेपालले खेलको ७१औं मिनेटमा एक गोल फर्कायो । नेपालका मनिष डाँगीलाई लाओसका खेलाडीले बक्सभित्र खेलको ७१औं मिनेटमा फाउल हाने । त्यसपछि नेपालले पेनाल्टीको अवसर प्राप्त गऱ्यो । सोही पेनाल्टीलाई सदुपयोग गर्दै मनिषले गोल गरे ।

त्यसपछि खेलमा गोल हुन सकेनन् र अन्ततः लाओसले नेपालमाथि २-१ गोलको एतिहासिक जित दर्ता गऱ्यो । यसअघि नेपाल पहिलो खेलमा मलेसियासँग २-० ले पराजित भएको थियो । दुई खेलको समाप्तिमा नेपालले अंकको खाता खोल्न सकेको छैन ।

यसैगरी नेपाल र लाओस यसअघि छ पटक आमने सामने भएका थिए । जसमा नेपालले चार खेलमा लाओसलाई हराउँदा दुई खेल बराबरीमा सकिएका थिए ।

नेपाल सम्मिलित समूहमा लाओस, मलेसिया र भियतनाम रहेका छन् । प्रतियोगितामा समूह विजेताले सन् २०२७ मा साउदी अरेबियामा हुने १९औं एसियन कप फुटबल प्रतियोगितामा भाग लिन पाउने छन् । नेपालले अब आफ्नो तेस्रो खेल आगामी अक्टोबरमा भियतनामसँग खेल्नेछ ।

## तेस्रो रुकुम कप भलिबल

# बौंदीकाली बन्यो च्याम्पियन

**त्रिवेणी (रुकुमश्चिम) (प्रस)–** तेस्रो रुकम कप भलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौंदीकालीले जितेको छ । मुसिकोट नगरपालिका-१ खलंगामा सम्पन्न फाइनल खेलमा बौंदीकालीले रुकुम पश्चिमको हाम्रो सरोकार टोलीलाई पराजित गरेको हो ।



बौंदीकालीले फाइनलमा हाम्रो सरोकारलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । बौंदीकालीमा राष्ट्रियस्तरको प्रतियोगिता खेलिसकेका हिमाल सुनारी, सरोज बर्देवा र राजन दर्लामी मगर तथा हाम्रो सरोकारमा धनबहादुर भट्ट, विष्णु बस्नेत र मनोज घिमिरे सम्मिलित थिए । उपाधिसँगै बौंदीकालीले रु ५ लाख ११ हजारसहित मेडल र प्रमाण पत्र प्राप्त गरेको आयोजक रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रका अध्यक्ष तेजविक्रम बुढाले जानकारी दिए ।

यसैगरी उपविजेता नवलपुरको हाम्रो सरोकारले रु २ लाख ६१ हजार, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । रुकुम पश्चिमको 'टिम खनाल' तेस्रो तथा सल्यानको वनगाड कुपिण्डेले सान्त्वना पुरस्कार प्राप्त गरेको छ । दुवै टोलीले क्रमशः रु एक लाख ५१ हजार र रु एक लाख ११ हजार पुरस्कार प्राप्त गरे । । प्रतियोगितामा सात टोलीले प्रतिस्पर्धा गरेका थिए ।

महिलातर्फ रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाले उपाधि जितेको छ । फाइनल खेलमा रुकुम पूर्वको जनज्योति युवा विकास केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । उसले योसँगै रु एक लाख नगदसहित मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । उपविजेता जनज्योतिले रु ७५ हजार, तेस्रो भएको रुकुम भलिबल टोलीले रु ५० हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । चौथो भएको रुकुम पूर्वको सीमा भलिबल क्लबले रु २५ हजार पुरस्कार प्राप्त गरेको आयोजक संस्थाले जनाएको छ ।

# लस एन्जलसमा विरोध प्रदर्शन रोक्न ट्रम्पले परिचालन गरे नौसैनिक




**लस एन्जलस (अमेरिका)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार लस एन्जलसमा सक्रिय कर्तव्यमा रहेका अमेरिकी मरिन र थप दुई हजार नेसनल गार्ड सेनालाई आदेश दिएका छन् । उनले आप्रवासी गिरफ्तारीको विरोध गर्नेहरूलाई पहिलेभन्दा बढी 'कडा चोट' लाग्ने धम्की दिएका छन् ।

ट्रम्पको ७०० पूर्णकालीन व्यावसायिक सैन्य कर्मचारी र हजारौं राष्ट्रिय गार्ड सैनिकहरूको असाधारण परिचालन ठूलो विदेशी जन्म र ल्याटिनो जनसंख्या भएको लस एन्जलस सहरमा दर्जनौं आप्रवासी पक्राउद्वारा सुरु गरिएको सडक विरोधको चौथो दिनमा आएको हो ।

क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमले यो कदमको कडा आलोचना गर्दै एक्समा पोस्ट गरे, 'अमेरिकी मरिनहरूलाई 'तानाशाही राष्ट्रपतिको विकृत कल्पना पूरा गर्न आफ्ना देशवासीहरूको सामना गर्दै अमेरिकी भूमिमा तैनाथ गर्नु हुँदैन । यो गैरअमेरिकी हो ।'

यो परिचालन आइतबार लस एन्जलसको मुख्य सहरमा प्रदर्शनकारीहरूले सडकहरू कब्जा गरेपछि, कारहरू जलाएपछि र पसलहरू लुटेपछि आएको हो । जुन दृश्यहरूमा कानुन प्रवर्तनले अश्रुग्यास र रबर बुलेटले जवाफ दिएको थियो । तर सप्ताहन्तको प्रदर्शनले अधिकारीहरूले भनेअनुसार अवैध आप्रवासी र गिरोह सदस्यहरूको दर्जनौं गिरफ्तारी सुरु गरेपछि सोमबारको प्रदर्शन धेरै हदसम्म शान्तिपूर्ण रूपमा सम्पन्न भयो ।

'सुँगुरहरू घर जाऊ !' प्रदर्शनकारीहरूले संघीय हिरासत केन्द्रबाहिर राष्ट्रिय गार्डहरूलाई चिच्याए । अरूले प्रहरी नियन्त्रण रेखाहरू पार गर्दा चिह्न नभएका सवारीसाधनहरूको छेउमा ठोक्काए । लस एन्जलसबाट करिब ३२ माइल (५० किलोमिटर) दक्षिणपश्चिममा रहेको नजिकैको सहर सान्ता अनामा कानुन प्रवर्तनले आप्रवासन र भन्सार प्रवर्तन (आइसिई) एजेन्सीको विरुद्धमा नारा लगाउने प्रदर्शनकारीहरूमाथि अश्रुग्यास र फ्ल्यास-ब्याङ ग्रेनेडहरू फायर गरेको थियो ।

### कडा प्रहार गर

वासिङ्टनमा बोल्दै ट्रम्पले प्रदर्शनकारीहरूलाई 'व्यावसायिक आन्दोलनकारी र विद्रोही' भनेका थिए । सामाजिक सञ्जालमा उनले प्रदर्शनकारीहरूले सैनिकहरूलाई थुकेका थिए भन्दै 'यदि तिनीहरूले यसो गरिरहे भने, म तपाईंलाई वाचा गर्छु कि तिनीहरूलाई पहिलेभन्दा कडा प्रहार गरिने छ' भने । हिंसाका पृथक र आँखा खिच्ने कार्यहरूका बावजुद अधिकारीहरू र स्थानीय कानुन प्रवर्तनहरूले सप्ताहन्तमा अधिकांश प्रदर्शनकारीहरू शान्तिपूर्ण रहेको जोड दिए ।

लस एन्जलसभरका विद्यालयहरू सोमबार सामान्य रूपमा सञ्चालन भइरहेका थिए भने फैलिएको सहरमा जीवनको लयहरू धेरै हदसम्म अपरिवर्तित देखिन्थे । ट्रम्पको विरोध प्रदर्शनको वर्णनको विपरीत मेयर करेन बासले भने, 'यो केही सडकमा पृथक छ । यो सहरव्यापी नागरिक अशान्ति होइन ।'

लस एन्जलसका प्रहरी प्रमुख जिम म्याकडोनलले स्थानीय अधिकारीहरूले सहरलाई नियन्त्रण गर्न सक्षम भएको बताए । 'प्रत्यक्ष समन्वयविना संघीय, सैन्य कर्मचारीहरूको परिचयले लजिस्टिक चुनौतीहरू सिर्जना गर्दछ र महत्त्वपूर्ण घटनाहरूमा भ्रम पैदा गर्दछ,' उनले पत्रकारहरूलाई भने ।

लस एन्जलस प्रहरी विभागका अधिकारीहरूले दुई दिनमा कम्तीमा ५६ जनालाई पक्राउ गरिएको र पाँच अधिकारीलाई हल्का चोट लागेको बताएका छन् । अधिकारीहरूका अनुसार सान फ्रान्सिस्कोमा विरोध प्रदर्शनमा करिब ६० जनालाई पक्राउ गरिएको छ ।

प्रदर्शनकारीहरूले सोमबार न्युयोर्क सिटी र टेक्सासको अस्टिनमा पनि प्रहरीसँग झडप गरेका थिए । म्यानहट्टनको संघीय भवन नजिकै करिब १०० जना भेला भएपछि प्रहरीले धेरैलाई पक्राउ गरेको थियो । त्यहाँ अध्यागमन सुनुवाइको आयोजना गरिएको थियो । ट्रम्पको सेनाको प्रयोग अमेरिकी राष्ट्रपतिका लागि 'अविश्वसनीय रूपमा दुर्लभ' कदम भएको लस एन्जलसको साउथवेस्टर्न ल कलेजकी प्राध्यापक र अमेरिकी वायुसेनाकी पूर्वलेफ्टिनेन्ट कर्नल रेचेल भ्यानल्याण्डिंघमले बताए ।

नागरिक अधिकार आन्दोलनको उचाइमा सन् १९६५ देखि राज्य गभर्नरको टाउकोमाथि नेसनल गार्ड तैनाथ गरिएको छैन । अमेरिकी कानुनले विद्रोहबाहेक घरेलु भूमिमा प्रहरी बलका रूपमा सेनाको प्रयोगलाई धेरै हदसम्म रोक्छ । *रासस/एएफपी*

# पोसम, छेपारो र ट्यारान्टुलासहित भारतीय तस्कर पक्राउ





**मुम्बई–** भारतीय भन्सार अधिकारीहरूले थाइल्याण्डबाट आएका एक यात्रुबाट लुप्तप्राय: वन्यजन्तुहरूको पछिल्लो 'महत्त्वपूर्ण' जफत गरेको सरकारी वक्तव्यले जनाएको छ । जफत गरिएका वन्यजन्तुहरूमा छेपारो, सनबर्ड र रूखमा चढ्ने पोसमसहित झण्डै १०० जीवजन्तु थिए ।

भन्सार अधिकारीहरूका अनुसार दुई ट्यारान्टुला माकुरा र कछुवासमेत बोकेका यात्रुले भारतको वित्तीय राजधानी मुम्बई आइपुग्दा 'घबराहटका संकेतहरू प्रदर्शन गरेका थिए' । जुन महिनाको सुरुमा थाइल्याण्डबाट पनि आएका दर्जनौं विषालु भाइपरहरू तस्करी गर्नबाट एक यात्रुलाई रोकेपछि यो जफत गरिएको हो ।

जफत गरिएका वन्यजन्तुहरूमा इगुआनासका साथै किन्काजौ वा हनी बियर-मेक्सिकोको वर्षावनबाट आएको सानो रेकुनजस्तो जनावरका साथै अस्ट्रेलियामा फेला परेको ग्लाइडिङ पोसम, छवटा 'सुगर ग्लाइडर' समावेश छन् । भन्सार एकाइले जारी गरेको तस्बिरहरूमा छवटा सुगर ग्लाइडर टोकरीमा सँगै बसेका र छेपारोले भरिएको बक्स पनि देखाइएको छ ।

'एउटा महत्त्वपूर्ण कारबाहीमा भन्सार अधिकारीहरूले... एक भारतीय नागरिकलाई रोके... जसले गर्दा धेरै जीवित र मृत वन्यजन्तु प्रजातिहरू जफत गरियो, तीमध्ये केही वन्यजन्तु संरक्षण कानुनअन्तर्गत संरक्षित छन्,' वित्त मन्त्रालयले सोमबार राति एक विज्ञप्तिमा भन्यो ।

जंगली जनावर र बोटबिरुवाको तस्करीसँग लड्ने वन्यजन्तु व्यापार मोनिटर ट्राफिकले मंगलबार विदेशी घरपालुवा जनावरको व्यापारद्वारा सञ्चालित तस्करीमा 'धेरै चिन्ताजनक' प्रवृत्तिको चेतावनी दिएको छ । पछिल्लो साढे तीन वर्षमा थाइल्याण्ड-भारत हवाईमार्गमा सात हजारभन्दा बढी जीवित र मृत जनावर जफत गरिएको छ ।

मुम्बई विमानस्थलका भन्सार अधिकारीहरू तस्करी गरिएको सुन, नगद वा गाँजा जफत गर्न बढी अभ्यस्त छन्, तर हालै वन्यजन्तु जफत गर्ने घटनाहरूमा क्रमिक वृद्धि देखिएको छ । भन्सार अधिकारीहरूले जुनको सुरुमा थाइल्याण्डबाट उडेको एक भारतीय नागरिकबाट दर्जनौं सर्प र धेरै कछुवा जफत गरेका थिए ।

तिनीहरूमा धेरै स्पाइडर-टेल्ड हर्ण्ड भाइपरहरू थिए । स्पाइडर-टेल्ड हर्ण्ड भाइपर विषालु प्रजाति हो जसलाई वैज्ञानिकहरूले सन् २००६ मा मात्र वर्णन गरेका थिए र प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ (आइयुसिएन) द्वारा 'लुप्तप्रायको नजिक' भनेर वर्गीकृत गरिएको छ । ट्राफिकले आफ्नो विश्लेषणले अधिकांश मामिलामा थाइल्याण्डबाट तस्करी गरिएका जनावरहरू समावेश भए पनि ८० प्रतिशतभन्दा बढी अवरोधहरू भारतमा भएको देखाएको छ ।

'भारतमा आउने मार्गमा वन्यजन्तुको लगभग साप्ताहिक खोज र विविधता निकै चिन्ताजनक छ,' ट्राफिकको दक्षिणपूर्वी एसियाका निर्देशक कनिथा कृष्णसामीले भने, 'पक्राउ परेकामध्ये धेरै जीवित थिए, जसले विदेशी घरपालुवा जनावरहरूका लागि हाहाकारले व्यापारलाई चलाइरहेको देखाउँछ ।'

फेब्रुअरीमा मुम्बई विमानस्थलमा भन्सार अधिकारीहरूले इण्डोनेसिया, मलेसिया र थाइल्याण्डको जंगलमा पाइने सानो बाँदर, पाँच सियामाङ गिब्बनसहित एकजना तस्करलाई पनि रोकेका थिए । भन्सार अधिकारीहरूका अनुसार आइयुसिएनले लुप्तप्राय भनेर सूचीबद्ध गरेको ती साना जीवरू यात्रुको ट्रली ब्यागभित्र राखिएको प्लास्टिकको क्रेटमा 'कुशलतापूर्वक लुकाइएको' थियो । नोभेम्बरमा अधिकारीहरूले १२ वटा कछुवाको जीवित कार्गो बोकेका एक यात्रुलाई भेट्टाएका थिए । *रासस/एएफपी*

# पाकिस्तानमा 'तीन करोड गरिबीमा धकेलिए'

**इस्लामाबाद–** पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) ले सोमबार पाकिस्तानको हालै जारी आर्थिक सर्वेक्षणलाई लिएर सरकारको कडा आलोचना गर्दै यसलाई गठबन्धनको असफल आर्थिक व्यवस्थापन र देशमा गहिरो संकटको प्रमाण भनेको छ ।

पिटिआईका सूचनासचिव शेख वकास अकरम र विपक्षी नेता उमर अयुब खानले पत्रकार सम्मेलनमा अर्थमन्त्री मुहम्मद औरंगजेबले मुद्रास्फीति, गरिबी र स्थिरतालाई नियन्त्रण गर्न सत्ताधारी गठबन्धनको असक्षमतालाई उजागर गर्दै आर्थिक प्रतिवेदन 'माफी माग्ने तरिकामा' प्रस्तुत गरेको बताए । उनीहरूले मात्र तीन वर्षमा तीन करोड पाकिस्तानी गरिबीको रेखामुनि धकेलिएको दाबी गरेको डनले बताएको छ ।

यसअघि पिटिआईको ६.५ प्रतिशतको वृद्धिदरको आलोचना गर्नेहरूले अहिले आफ्नो 'सबैभन्दा खराब' प्रदर्शनको रक्षा गरिरहेको अकरमले बताए । राष्ट्रपति आसिफ जर्दारीले सार्वजनिक समस्या समाधान गर्ने वाचा गरे पनि गरिबी मात्र बढेको उनले बताए ।

तीन वर्षमा वृद्धिदर १.५ प्रतिशतमा झरेको र बिजुलीको बिल तिर्न नसक्ने भएकाले धेरै नागरिकहरू सौर्य ऊर्जा अपनाउन बाध्य भएको पनि उनको भनाइ थियो । उनका अनुसार मुद्रास्फीति ११.५ प्रतिशतमा उच्च रहेको छ, जसले सरकारको सुधारको दाबीलाई खण्डन गर्छ ।

अयुबले सरकारको कृषि नीतिहरूको आलोचना गर्दै आधारभूत क्षेत्रहरू पनि घटेको बताए । 'सबै बालीले नकारात्मक वृद्धि देखाए, तर गधाहरूको जनसंख्या बढेको छ,' उनले टिप्पणी गरे ।

पाकिस्तान ब्युरो अफ स्टचाटिस्टिक्सको तथ्यांकलाई उद्धृत गर्दै उनले सन् २०२२ मा ५० हजारको मूल्य घटेर २० हजार ८३३ रूपैयाँ पुगेको र चियाको मूल्य ७४ प्रतिशतले बढेको बताए । पिटिआई नेताहरूले आर्थिक पतनका कारण ठूलो सफ्यामा पलायन हुने चेतावनी पनि दिएका छन् । अकरमले खराब आर्थिक अवस्थाबाट बच्न मानिसहरू देशबाट भागिरहेको र चाँडै थप आउने बताए ।

अयुबका अनुसार हालैका वर्षहरूमा ३२ लाख मानिसले रोजगारी गुमाउने, मुद्रास्फीति र खराब जीवनस्तरको कारण पाकिस्तान छोडेका थिए । उनले सत्तारूढ सांसदहरू उनीहरूको असफल शासनका कारण मतदाताहरूको सामना गर्न असमर्थ रहेको बताए । *रासस/एएनआई*


## Land Reform and Land Revenue office, Dillbazar, Kathmandu

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/२८**

यस कार्यालय र काठमाडौं महानगर बीच भएको सम्झौता अनुसार तपसिलको ठेक्काहरू निम्न मितिमा E-Bid मार्फत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्रको सूचना प्रकाशन भए बमोजिम पेश हुन आएका बोलपत्रहरू मध्ये तपशिलमा उल्लेखित भएको बोलपत्रहरू न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही रहेको भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि बोलपत्र स्वीकृत गर्न ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सुचना प्रकाशन मिति | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल रकम मु.अ. कर समेत |
|---|---|---|---|---|
| २०८२/०१/२९ | LRLR/GOODS/SQ/8182/FURNITURE | Supply Delivery and installation of Furniture and Fixtures | Awasar Construction Pvt.Ltd. Tokha-3 Kathmandu | 1607543.89 |
| २०८२/०१/२९ | LRLR/GOODS/SQ/8182/UPS | Supply installation Testing and commissioning of UPS | IMTC International Jawalakhel, Lalitpur | 1134799.9 |

## महादेवा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेस प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति :- २०८२।०२।२८)

प्रस्तुत बिषयमा यस **महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरीको** मिति २०८२/०१/१४ गते प्रकाशित सूचना बमोजिम मिति २०८२/०२/१३ सम्म यस गा.पा.मा पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा मुल्यांकन समितिको निर्णय बमोजिम देहायको बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो ७ दिने आशयको सूचना प्रकाशन गरीएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | MRM/NCB/WORKS/2081/82-03 | Mahadeva Ga.Pa. Antargat Krishi Bidhyutikaran Karya | Prity Construction Kalaiya-5, Bara | 57,34,836.1 | |

प्रमुख प्रशासकीय अधिकृत

## देवताल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढीगोठ, बारा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०२/२८

देवताल गाउँकार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वान गरेको तपशिलको ठेक्काको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मूल्याङ्कन गर्दा यस कार्यालयको तपशिलको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम समबन्धीत सबैको जानकारीको लागि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | स्वीकृत बोलपत्रदाताको नाम तथा ठेगाना | निर्णय मिति | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/G/२४/२०८१/०८२ | Supply and Delivery of Health Equipment and Drug | २०८२/०२/०८ | ५ (पाँच) | गढीमाई मेडिहेल्थ प्रा.लि.,ललितपुर | २०८२/०२/२७ | १२,६४,३३१।४६ |

प्रमुख प्रशासकीय अधिकृत

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९०००० | प्रति तोला – ० | प्रति तोला – २१६५ |



**लिचि व्यापार** | इलाम नगरपालिका–१० गोदकस्थित मेची राजमार्गको किनारमा स्थानीयले उत्पादन गरेको लिची किनबेच गर्दै । यहाँ प्रतिकेजी १५० रूपैयाँका दरले लिची बिक्री भइरहेको छ। *तस्बिर : मनोज अधिकारी/रासस*

# वित्त र मौद्रिक नीतिको समन्वयमार्फत अर्थतन्त्र सुधार गर्न जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच असल सम्बन्ध स्थापित गरी वित्त र मौद्रिक नीतिको समन्वयमार्फत अर्थतन्त्र सुधार गर्नुपर्नेमा जोड दिएका छन् ।

चाणक्य मिडिया प्रालिले सोमबार आयोजना गरेको 'पूर्व-मौद्रिक नीति छलफल'मा अर्थमन्त्री पौडेलले सरकारले ल्याउने आर्थिक तथा वित्त नीति र केन्द्रीय बैंकले ल्याउने मौद्रिक नीतिबीच सामञ्जस्यता तथा समन्वय, समान उद्देश्य प्राप्तिलाई केन्द्रमा राखेर अघि बढ्नुपर्नेमा जोड दिएका हुन् ।

'अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक तथा वित्त नीति र मौद्रिक नीति बीचको आपसी सन्तुलन कायम भएन भनेर छलफल तथा चर्चाको विषय हुने गरेको छ,' अर्थमन्त्री पौडेलले भने, 'मन्त्रालय र राष्ट्र बैंकका बीचमा कुनै असमझदारीको परिकल्पना हाम्रो राज्यप्रणालीले गरेको छैन । यी दुई संस्थाका पदाधिकारीबीचमा घनिष्ठ, जीवन्त सम्बन्धको परिकल्पना गरिएको छ ।' विद्यमान व्यवस्था र राज्य प्रणालीले वित्त नीति र मौद्रिक नीतिबीच उचित सन्तुलन र संयोजनको अपेक्षा गरेको उनको भनाइ छ। मौद्रिक सुशासन खस्किँदै गएको बारे आलोचना बढिरहेको पनि उनले उल्लेख गरे । 'मौद्रिक सुशासनका सवालमा केही प्रश्नहरू उठ्ने गरेका छन् । सुशासनका प्रश्नमा हामी कहाँ चुकेका छौं र मौद्रिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि हामीले के गर्नुपर्छ भन्नेमा चनाखो हुनुपर्छ,' अर्थमन्त्री पौडेलले भने ।



राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले अहिले ब्याजदर घटिसकेको अवस्थामा कर्जा प्रवाह बढाउने र समग्र बजार माग बढ्नसक्ने गरी आगामी आर्थिक वर्षको मौद्रिक नीतिको कार्यदिशा तय हुनुपर्ने बताए । बैंकमा निक्षेप थुप्रिएर बस्ने र निरन्तर ब्याजदर घटिरहने अवस्थामा पुँजी पलायनको चुनौती देखिनसक्नेतर्फ उनले संकेत गरे । 'अहिले करिब ४.४५ प्रतिशत हाराहारी रहेको निक्षेपको ब्याजदर २०७३ पुसयताकै कम हो । यो भनेको विद्यमान मुद्रास्फीति दर हाराहारी हो । जसले गर्दा वास्तविक निक्षेप संकलन ऋणात्मक अवस्थामा जाने सम्भावना छ । सँगसँगै पुँजी पलायनको सम्भावना देखिनसक्ने र स्रोतको गलत परिचालनको सम्भावना रहन्छ,' श्रेष्ठले भने । बजेटले लिएका आर्थिक सुधारका बाटोलाई समर्थन र सहयोग गर्नेगरी मौद्रिक नीति आउनुपर्नेमा उनले जोड दिए ।

सोही कार्यक्रममा नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर महाप्रसाद अधिकारीले केन्द्रीय बैंक सुशासनका मामलामा बलियो रहेको दाबी गरे । 'सुशासनको सन्दर्भमा नेपाल राष्ट्र बैंक जति सुशासित छ, सबै संस्थाहरू त्यही अवस्थामा पुग्ने हो भने देशको मुहार फेरिनेछ', उनले भने ।

नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाले जुनकुनै नीति निर्माण गर्दा सर्वसाधारण नागरिकलाई केन्द्रमा राखेर गरिनुपर्ने धारणा राखे । बिमा क्षेत्रमा सुधारका लागि केही हस्तक्षेप सुरु भइरहेको र त्यसको नतिजा देखिन समय लाग्ने ओझाको भनाइ थियो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंक तथा वित्तीय संस्थाको नियमन गर्न अबलम्बन गरिने नीति र मौद्रिक नीतिलाई फरक तरिकाले लैजाने गरी राष्ट्र बैंकले काम गरिरहेको जानकारी दिए । नियमनका क्षेत्रमा विदेशी विनिमयको परिचालन, चालु पुँजी कर्जा मार्गदर्शन संशोधन, कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरणलगायतका विषयमा राष्ट्र बैंकले छलफल गर्ने गरेको उनले उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले निजी क्षेत्रको लगानी र कर्जा विस्तार घट्दै गएका कारण आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् केही सहज व्यवस्थाहरू ल्याइनुपर्ने बताए । 'ब्याजदर घट्दा पनि कर्जा लगानी हुन सकेको छैन । किनभने निजी क्षेत्रमा आत्मविश्वास छैन । हिजो महँगो ब्याजदर लिएका उद्योगी व्यवसायीहरू समस्यामा छन्', श्रेष्ठले भने, 'उद्योगको उत्पादन क्षमतासँगै कर्जा लिने क्षमता पनि घटेको छ । यस्तो अवस्थामा बैंकले ऋण दिएर मात्र भएन, स्वपुँजी पनि लगानी हुनुपर्‍यो ।'

सोही कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले अस्थिर नीतिका कारण निजी क्षेत्रलाई समस्या हुने गरेको गुनासो गरे ।

# भेरीमा अर्धजलाशययुक्त आयोजना निर्माण गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** जाजरकोटको नलगाढ नगरपालिका र रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाबीचमा रहेको भेरी नदीमा २७० मेगावाटको अर्धजलाशयुक्त जलविद्युत् आयोजना निर्माण हुने भएको छ ।

चिनियाँ गेजुवा कम्पनीले जाजरकोट जिल्लाको नलगाढ नगरपालिका-१०, ११,१२, १३ र रुकुम पश्चिमको आठविसकोट नगरपालिका-४, ५ र ६ मा २७० मेगावाटको भेरी-१ अर्धजलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न लागेको हो ।

उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमाथि आज वन तथा वातावरण मन्त्रालयमा छलफल गरी राय सुझाव लिइएको छ। वातावरण संरक्षण ऐन, २०७६ ले तोकेको राय सुझाव समितिको बैठकमा मन्त्रालयका सहसचिव धीरेन्द्रकुमार प्रधानले स्थानीय जैविक विविधता, स्थानीय तथा आदिवासी जनताको जीविकोपार्जनलाई कम असर गर्नेगरी प्रस्तावित आयोजना निर्माणलाई अगाडि बढाउनुपर्ने बताए ।

बैठकमा राय सुझाव समितिका सदस्य सचिव एवम् मन्त्रालयका उपसचिव रमेश बस्नेतले वातावरणीय अध्ययन प्रतिवेदन औपचारिक मात्र नभई आयोजनाको दिगो सञ्चालनका लागि तयार पारिने वैज्ञानिक एवम् कानुनी दस्तावेज भएको बताए। उनले यस्ता दस्तावेज बनाउँदा प्रस्ताव सिफारिस गर्ने निकाय वा मन्त्रालयले यसको गुणस्तरलाई ख्याल गर्दै स्वीकृतका लागि लागि समयभित्रै वन मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख गरे ।

बैठकमा भौतिक विज्ञ शिवराज अधिकारी, जैविक विज्ञ गोपालकुमार श्रेष्ठ, सामाजिक, आर्थिक र सांस्कृतिक विज्ञ राजनऋषि कँडेल र माछा विज्ञ सन्तोषी श्रेष्ठलगायत अन्य विषयगत निकायका प्रतिनिधिले प्रतिवेदन उपर राय सुझाव दिएका थिए ।

उक्त आयोजनाको वातावरणीय अध्ययनको गरिरहेको एनआरएसीका कार्यकारी निर्देशक डा. ज्योतीप्रसाद गजुरेलले आयोजना निर्माणका क्रममा २४.७५ हेक्टर जग्गाको प्रयोग हुने जानकारी दिए। उक्त आयोजना निर्माण गर्दा १५२ रुख काट्नुपर्ने आवश्यक देखिएको डा गजुरेलले बताए ।

उनले छ घण्टासम्म पानी जम्मा गर्नेगरी निर्माण गर्न लागिएको उक्त आयोजनाको ३८ मीटर अग्लो बाँध निर्माण हुने बताए। पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ अगाडि बढाउन लागिएको उक्त आयोजना रु ४६ अर्बमा लागतमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

आयोजनाको रुकुम पश्चिमको आठविसकोट गाउँपालिकास्थित ज्यामिरेमा पावरहाउस बन्नेछ भने सात किलोमिटरको टनेल बन्ने बताइएको छ। उक्त आयोजनास्थलमा पुग्नका लागि मुख्य बाटोबाट ११ किलोमिटरको सहायक बाटो निर्माण गर्नुपर्ने जनाइएको छ। उक्त नदीमा तीनवटा बेलिब्रिजसमेत निर्माण गर्नुपर्ने उल्लेख छ।

## कर्पोरेट

### सिटिजन्स बैंकले बेनीमा बनायो यात्रु प्रतीक्षालय



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंकको बेनी शाखाले गण्डकी प्रदेशको बेनी नगरपालिका वडा नं ६ जामुनाखर्कमा यात्रु प्रतिक्षालय निर्माण गरेको छ । करिब ५० हजारको लागतमा निर्मित यात्रु प्रतिक्षालय वडाका अध्यक्ष कृष्णसिङ बानियाँलाई हस्तान्तरण गरिएको छ ।

'बिट द प्लाष्टिक 'भन्ने मुल नारालाई आत्मसाथ गर्दै बढ्दो जलवायु परिवर्तनको न्यूनीकरण गर्न अपरिहार्य रुख तथा बोटविरुवा जर्गेना तथा प्रवर्द्धन गर्ने हेतुले सिटिजन्स बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत २०८२ साल जेठ २७ गते मंगलबारको दिन गण्डकी प्रदेशको वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस हेखाखर्का, पोखरामा बृहत बृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । विश्व वातावरण दिवस २०२५ को दिन बृहत बृक्षारोपण कार्यक्रम पोखरा कास्की वडा नम्बर १५ मा करिव १०० भन्दा बढि विभिन्न प्रजातिका विरुवा रोपिएको छ ।

### वार्षिकोत्सवमा महालक्ष्मी कर्पोरेट क्रिकेट लिग सम्पन्न

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा आयोजित महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ सम्पन्न भएको छ ।

यहीँ जेठ २१ गते बुधबार देखि जेठ २४ गते शनिबार (चार दिन) सम्म काठमाण्डौंमा सम्पन्न उक्त प्रतियोगिताको उपाधि प्राईम कमर्सियल बैंक लिमिटेडले जित्न सफल भएको छ भने नबिल बैंक लिमिटेडले द्वितीय स्थान हासिल गर्न सफल भएको छ। उक्त प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरू, मर्चेन्ट बैंकहरू तथा लघुवित्त वित्तीय संस्थाका २४ टिमले सहभागिता जनाएका थिए । साथै उक्त प्रतिोगिताको विजेताहरूलाई पुरस्कार वितरण कार्यक्रम सोमबार सम्पन्न भएको छ ।



नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा काठमाडौंमा आयोजित कार्यक्रममा विजेता प्राइम कमर्सियल बैंकलाई डेपुटी गर्भनर मिश्र तथा बैंकका अध्यक्ष राजेश उपाध्यायले संयुक्त रूपमा विजेता ट्रफी हस्तान्तरण गरेका हुन्। उक्त प्रतियोगितामा उत्कृष्ट फिल्डर नबिल बैंक लि.का अमृत चौलागाई, उत्कृष्ट विकेट-किपर नबिल बैंक लिमिटेडका विजय पारा लिम्बु, उत्कृष्ट बलर एन.एम.बी बैंकका अनिल बर्तौला, उत्कृष्ट ब्याट्सम्यान तथा उत्कृष्ट खेलाडी आइ.सि.एफ.सि.फाइनान्सका सुरज तिमिल्सिनाले जित्न सफल भएका छन् ।

महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ का सम्पुर्ण प्रायोजकहरू, सहभागी सम्पुर्ण टिमहरू, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यक्रम सम्पन्न गर्न सहयोय गरेका व्यक्ति/संस्थाहरूलाई बैंक हार्दिक आभार व्यक्त गर्दछ ।

# लगातार दोस्रो दिन बढ्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ। नेप्से परिसूचक २५ दशमलव ०७ अंकले बढेर दुई हजार ६७८ दशमलव १७ को विन्दुमा कायम भएको हो ।

३११ कम्पनीको दुई करोड ३६ लाख ९७ हजार १४५ कित्ता सेयर ८१ हजार ७३८ पटक खरिदबिक्री हुँदा रु १० अर्ब १६ करोड नौ लाख ८१ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै वित्त समूह पाँच दशमलव १२ प्रतिशतले बढेको हो । बैंकिङ शून्य दशमलव ९३, विकास बैंक शून्य दशमलव ७१, होटल तथा पर्यटन एक दशमलव २८, जलविद्युत् शून्य दशमलव ४६, लगानी शून्य दशमलव ६८ र जीवन बिमा एक दशमलव ०८ प्रतिशतले बढेको हो ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव ६१, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा एक दशमलव २६ व्यापार एक दशमलव ०७ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको हो ।

कारोबारमा प्युअर इनर्जी लिमिटेड र श्री इन्भेष्टमेन्ट फाइनान्स कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको सेयर मूल्य छ दशमलव १४ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आज सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर सेयर रु ५८ करोड ४९ लाख ५३ हजार ८७१ बराबरको २६ लाख ३३ हजार ७२८ कित्ता किनबेच भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रण: एक्प्रेस कलर प्रेस,  कार्यालय: काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com,  प्रबन्ध निर्देशक: कृष्ण कार्की,  सम्पादक: विष्णु तामाङ